# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा व्यक्तिको चौतर्फी विकासको महत्वपूर्ण सूचक हो, जसले गर्दा शिक्षालाई बालबालिकाहरूको नैसर्गिक अधिकारका रूपमा लिइएको पाइन्छ । बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । त्यसकारण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको युगमा एक अपरिहार्य आवश्यकता बनिसकेको अवस्था विद्यमान छ । शिक्षालाई मानव विकासको एक मेरुदण्डका रूपमा लिइन्छ, जसले व्यक्तिलाई आफ्नो आदर्श बमोजिम निश्चित लक्ष्य प्राप्तिका लागि ज्ञान, विवेक तथा क्षमताको विकास गरी आफ्नोव्यवहारमा परिवर्तन गर्दै समयानुकूल समायोजन हुन सहयोग गर्दछ । यसका लागि सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूले शैक्षिक गुणस्तर प्रति प्रतिबद्ध भई बालबालिकाहरूको सफल जीवन र सुरक्षित भविष्य निर्माणमा कुशल मालीको भूमिका निर्वाह गर्नु आजको अपरिहार्यता प्रतित भएको छ । बालबालिकाले पहिलो शिक्षा घरपरिवारबाटै सिक्ने भएकाले परिवारलाई बालबालिकाको पहिलो पाठशालाका रूपमा लिइन्छ । त्यसपछि सिकाइको यो क्रम पूर्व प्राथमिक, प्राथमिक हुँदै औपचारिक शिक्षाका रूपमा आफ्नोगतिलाई सुनिश्चित  गर्दै क्रमिक रूपमा अगाडि बढ्दछ । एउटा विद्यार्थी आफूलाई नियमितताको साँचोमा ढाल्दै आफ्ना सिकाइ व्यवहारहरूलाई जति धेरै गतिशील बनाउँदै लैजान्छ त्यति नै उसले आफ्ना कार्यमा सफलता, स्तरीयता, व्यवहारिकता तथा व्यवस्थितता प्राप्त गरी उत्कृष्ट रूपमा आफ्नोलक्ष्य प्राप्तिमा उन्मुख हुन्छ भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ (गौतम, २०७१) ।

शिक्षा एकमात्र यस्तो माध्यम हो जसबाट राष्ट्रका लागि आवश्यक पर्ने दक्ष एवम् सक्षम र कर्तव्यनिष्ट नगरिक तयार पार्न सकिन्छ । शिक्षाको यस्तो महत्वलाई बुझेर एक निश्चित लक्ष्य तथा उद्देश्यलाई पूरा गर्नका लागि विविध विषय तथा क्षेत्रमा विभिन्न पाठ्यक्रमको निर्माण गरिएको हुन्छ । यसरी शैक्षिक गतिविधिलाई अगाडि बढाउँदै निर्दिष्ट शैक्षिक लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा पाठ्यक्रमलाई शैक्षिक प्रक्रियाको मूल दस्तावेजका रुपमा लिइन्छ । परिवर्तित समयको मागलाई सम्बोधन गर्ने  गरी व्यक्तिको उमेर, इच्छा, आवश्यकता, क्षमता स्तर आदि कुरालाई ध्यान दिइनुका साथै व्यक्ति, समाज र राष्ट्रको आवश्यकता पूरा

गर्न सक्ने खालको पाठ्यक्रम निर्माण गर्न सकिएमा मात्र राष्ट्रलाई सर्वाङ्गीण रुपमा विकास गर्दै अपेक्षित उपलब्धी हासिल गरी परिवर्तनलाई संस्थागत गर्न सकिन्छ ।

राष्ट्र विकासको मेरुदण्ड नै शिक्षा भएको आजको सन्दर्भमा सोही अनुसारको समय सापेक्ष र सान्दर्भिक हुनेगरी शिक्षाको प्रवाह गर्नका लागि उपयुक्त र उचित विकासको पाठ्यक्रमको तर्जुमा गरिनु तथा पाठ्यक्रम बमोजिम अपेक्षित उपलब्धी हासिल हुनेगरी शैक्षिक क्रियाकलापहरु सञ्चालन गरिनु आजको टड्कारो आवश्यकता रहेको छ । साथै लागु गरिएको पाठ्यक्रमको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने वातावरणको विकास गर्नुका साथै कार्यान्वयन तथा सञ्चालनका लागि आवश्यक पर्ने स्रोत र साधनहरु जुटाउनु समेत आजको टड्कारो आवश्यकता हो ।

पाठ्यक्रमलाई विद्यालय भित्र तथा बाहिर सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरुको संगठित ढाँचाको रुपमा लिइन्छ । जसमा कुनैपनि व्यक्ति, समाज तथा राष्ट्रका समस्त इच्छा तथा चाहनाहरु समेटिएका हुन्छन् । पाठ्यक्रमको औचित्य, आवश्यकता, समय सापेक्षता, सान्दर्भिकता, स्तरीयता आदि मापन गर्नका लागि मूल्याङ्कन प्रक्रियाको व्यवस्था गरिएको हुन्छ ।

पाठ्यक्रमले एक निश्चित भौगोलिक, परिवेश, स्थानीयता सान्दर्भिकता तथा देश काल र परिस्थिति बमोजिम आवश्यकताहरुको परिपूर्ति गर्न सक्ने विशेषता बोकेको हुनु पर्दछ । यसैका लागि समय समयमा पाठ्क्रम परिवर्तन गर्ने गरिएको छ । यसरी पाठ्यक्रमका विधि तथा सामग्रीहरुको परिवर्तन गर्दै शैक्षिक उपलब्धीलाई उच्च बनाउनका लागि पाठ्यक्रमको योजनाबद्ध मूल्याङ्कन गरिनु पर्दछ (जवरा, श्रेष्ठ र रञ्जितकार, २०६५) ।

शिक्षालाई विकासको मेरुदण्ड मानिएको आजको सन्दर्भमा विकासका हरेक पक्षहरुमा राष्ट्रको शैक्षिक अवस्था प्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । राष्टबासीहरुले आफ्नो आवश्यकता बमोजिम सान्दर्भिक र स्तरीय शिक्षा हासिल गरेमा मात्र आफ्नो जीवनलाई सहज र गुणस्तरीय बनाउन सक्ने तथा देश विकासका लाीग आधार तयार हुने कुरालाई मध्यनजर गर्दै हरेक राष्ट्रले आफ्नो बजेटको ठूलो हिस्सा शिक्षाको विकासका लागि खर्च गर्ने गरेका छन् । सिकाइ कार्यलाई प्रभावकारी बनाई उच्च शैक्षिक उपलब्धी हासिल गर्ने कार्यका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाला पक्षहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अभिभावक शिक्षित र आर्थिक रुपमा सवल भएमा मात्र उनीहरुका

बालबालिकाहरुको सिकाइ प्रभावकारी बन्न पुग्छ । आफ्ना बालबालिकालाई कस्तो शिक्षा प्रदान गर्ने भन्ने विषयमा अभिभावकहरुले निर्णय गर्न नसकेमा त्यसबाट बालबालिकाको भविष्य अन्धकार तर्फ धकेलिन सक्छ । त्यसमा पनि सामाजिक विषयको सिकाइ उपलब्धीलाई त विविध पक्षले प्रभाव पारेको हुन्छ । ती पक्षहरु केके हुन सक्छन् र कसरी यस विषयको सिकाइ उपलब्धीलाई उच्च बनाउन सकिन्छ भन्ने विषयवस्तुमा आधारित भइ यो अध्ययन सम्पनन गरिएको छ ।

## १.२ समस्याको कथन

व्यक्ति, परिवार, समाज, क्षेत्र र राष्ट्र तथा अन्तर्राष्ट्रिय परिवेशका सम्बन्धमा जानकारी गराउँदै व्यक्ति व्यक्ति बीच भाइचाराको सम्बन्ध स्थापित गराई आपसी सहयोग आत्मीयता, मेलमिलाप तथा समझदारी बढाइ एउटा शान्त, सभ्य र समृद्ध समाज निर्माणमा सहयोग गर्ने  उद्देश्यबाट प्रेरित सामाजिक अध्ययन विषय विद्यालय तहमा अनिवार्य विषयका रूपमा राखिएको अवस्था छ । शिक्षा मन्त्रालय शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र आदिको आयोजनामा समय समयमा सेवाकालिन तालिम तएम लगायतका तालिमको व्यवस्था गरिँदै आएको भएता पनि अन्य विषयको तुलनामा यस विषयको उपलब्धी न्यून भइरहेको छ । तसर्थ यो अनुसन्धान निम्नलिखित प्रश्नको उत्तरमा केन्द्रित रहेको छ :

१. सामाजिक विषयको शैक्षिक उपलब्धी अवस्था कस्तो रहेको छ ?

२. शिक्षण सिकाइ क्रियाकलापमा केकस्ता विधि र सामग्रीहरु प्रयोग गरिएको छ ?

३. विद्यार्थीहरुको शैक्षिक उपलब्धी केकस्ता कुराहरुले प्रभाव पारेको देखिन्छ ?

४. सामाजिक विषयको सिकाइ उपलब्धीलाई उच्च बनाउनका लागि केकस्ता प्रयासहरु गर्नुपर्छ ?

सामाजिक अध्ययन विषय जस्तो अनिवार्य तथा गहन विषयको शैक्षिक उपलब्धिलाई उच्च बनाउन सरोकारवाला सबै पक्षहरूबाट पर्याप्त र सशक्त रूपमा प्रयासहरू जारी राख्नु आजको युगको टड्कारो आवश्यकता देखिएको छ । यस विषयको सिकाइ उपलब्धि कमजोर देखिएमा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा हुन नसकी समग्र समाज विकासमा नकारात्मक असर पर्ने गर्दछ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनबाट यस विषय वा समस्यासँग सरोकार राख्ने विभिन्न पक्षहरू शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, क्षे.शि.नि., जि.शि.का., पाठ्यक्रम निर्माणकर्ता, नीति निर्माता, योजनाकार, विद्यालय व्यवस्थापन समिति, तथा सरोकारवाला सबैलाई सहयोग मिल्ने छ। यस अध्ययनमा सामाजिक अध्ययन विषयको पठन पाठन तथा यस विषयको उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरूको पहिचानबाट सम्बन्धित क्षेत्रमा देखिएका समस्या न्यूनीकरण र समाधान गर्नका लागि मद्दत पुग्नेछ।

अन्त्यमा समय सापेक्ष किसिमको पाठ्यक्रको निर्माण तथा परिमार्जन गर्दै विषयगत रुपमा शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयहरुमा भएका विविध समस्याहरुको समाधानका लागि उपयुक्त किसिमको योजना तथा कार्यान्वयन गर्ने विषयमा यस अध्ययनले पाठ्यक्रमविद्व, योजनाकार, शिक्षा मन्त्रालय आदि सरोकारवाला पक्षलाई सहयोग पुग्नुका साथै सामुदायिक विद्यालयको माध्यमिक तहमा अनिवार्य विषयका रुपमा अध्यापन गरिँदै आएको सामाजिक अध्ययन विषयको उपलब्धी सम्बन्धी अध्ययन गर्न चाहने अन्य जुनसुकै पक्षलाई समेत यस अध्ययनबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. सामुदायिक विद्यालयमा सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिको अवस्था पहिचान गर्नु,

२. कक्षाकोठामा शैक्षिक सामग्री र शिक्षण विधि प्रयोगको अवस्था पहिचान गर्ने,

३. यस विषयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरूको पहिचान गर्नु,

## १.५ अध्ययनको परिसीमा

अध्ययनलाई व्यापक र विशिष्ट बनाउनका लागि समय, श्रम र आर्थिक कुराले ठूलो प्रभाव पार्ने भएका कारण सिमित समय, स्रोत तथा आर्थिक समस्यालाई समेत ख्यालमा राख्दै इटहरी उपमहानगरपालिका अन्तर्गतको इटहरी स्रोतकेन्द्र भित्रका ५ वटा सामुदायिक (माध्यमिक) विद्यालयलाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ।

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयहरूका २०७२ सालमा कक्षा ९ र १० मा अध्ययनरत छात्र छात्राहरूलाई मात्र छनोट गरिएको छ। यस अध्ययनमा कक्षा ९ र १० का विद्यार्थीहरूले पढ्नुपर्ने विषयहरू मध्ये सामाजिक विषयको मात्र उपलब्धिलाई आधार मानी अध्ययन सम्पन्न गरिएको छ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सामाजिक अध्ययन विषयमा भूगोल, इतिहास, अर्थशास्त्र, राजनीति शास्त्र, भावन शास्त्र, समाजशास्त्र, दर्शन शास्त्र, मनोविज्ञान आदि विषय एकीकृत गरिएको हुँदा यस्ता विषयले विद्यार्थीहरूमा सामान्यतः भौगोलिक अवस्था प्राकृतिक स्वरूप तथा हावापानी, विभिन्न आर्थिक क्रियाकलाप, राज्यमा भएका स्रोत साधन, राज्यको प्रशासनिक पद्धति, विगतमा घटेका विभिन्न ऐतिहासिक घटनाहरूको अध्ययन गर्दाछन् । त्यसैगरी मानव समाजको विकास तथा पारिवारिक जीवन र त्यसको व्यक्तिमा असर सम्बन्धी मानिसहरूका विभिन्न इच्छा, चाहना तथा रुची सम्बन्धी मानव समाजको विकास तथा विभिन्न दार्शनिक दृष्टिकोण आदि सम्बन्धी अवधारणाहरूको विकास गर्न यसले सहयोग गर्दछ (शैक्षिक जनशक्ति विकास केन्द्र २०६५) ।

पाण्डे (२०५२) का अनुसार सामाजिक विषयको क्षेत्र व्यापक भएका कारण यस विषयको सर्व सम्मत परिभाषा खोज्न कठिन छ । यस विषयका सम्बन्धमा प्रायजसो विद्वान्हरूले अलग अलग किसिमको परिभाषा दिएका छन् । वेस्लेका अनुसार सामाजिक विषयलाई मानव सम्बन्धसँग सम्बन्धित विषयका रूपमा परिभाषित गरेका छन् । त्यसैगरी मिखालिसका अनुसार मानिसको सामाजिक र भौतिक वातावरणसँगको अन्तरर्क्रिया नै सामाजिक अध्ययन हो । इन्साइक्लोपेडिया अफ एजुकेशन रिसर्चका अनुसार भूगोल, इतिहास र नागरिक शास्त्रको गणितीय योगलाई समाजिक अध्ययन विषयको क्षेत्र निश्चित गर्नु व्यवहारिक हुँदैन । सामाजिक विषयले उपरोक्त विषयहरूबाट मानवको वर्तमान तथा दैनिक जीवनको सम्बन्धलाई स्पष्ट पार्न सक्ने किसिमका सामग्रीहरूमात्र ग्रहण गर्दछ । मुन्रोको विचारमा मानव सम्बन्धसँग सोझै सम्बन्धित विषयलाई सामाजिक अध्ययनले समेटेको हुन्छ ।

सामाजिक अध्ययनको क्षेत्र व्यक्ति, परिवार, समुदाय, स्थानीय स्तर, जील्ला स्तर, क्षेत्रीय स्तर तथा राष्ट्रिय स्तर हुँदै अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएको हुन्छ । यस विषयले विद्यार्थीहरूलाई आफ्नोपारिवारिक तथा व्यक्तिगत समस्याहरूदेखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका समस्याहरू समेत बुझ्नका लागि मद्दत गर्दछ । यसले

बालबालिकाहरूलाई समाजमा योग्य नागरिक बन्न आपसी सद्भाव, प्रेम तथा सहयोगको भावनाको विकास गराउँदै विश्व परिवेशको जानकारी गराई समाजमा हुने परिवर्तनका साथमा आउने विभिन्न चुनौती तथा समस्याहरूलाई गहन रूपमा बुझ्न सक्ने क्षमताको विकास गराई त्यसलाई उचित तवरले समाधान गर्न सक्ने दक्षताको विकास गराउँदछ । आजको जटिल परिस्थितिमा परिवर्तित समाजको सामाजिक परिवेश अनुसार आफूलाई समायोजित गराउँदै समयको गाम्भिर्यता बमोजिम आफूलाई परिवर्तन गरी सहिष्णुता र आत्मनियन्त्रणको भावना विकास गराई सामाजिक तथा राजनैतिक परिवेशमा आफूलाई सक्रिय सहभागी बनाउने क्षमताको विकास गर्दछ ।

अधिकारी (२०६३) ले नेपालमा सामाजिक अध्ययन शिक्षणको विद्यमान अवस्था र समाधान शीर्षकमा तयार पार्नुभएको एउटा लेख अनुसार एसएलसी परीक्षामा वि.सं. २०५७ देखि २०६० सम्म ४ वर्षको अवधिमा विद्यार्थीहरूको सामाजिक विषयमा औषत उत्तीर्णाङ्क ८० प्रतिशत भन्दा माथि रहेको र औषत प्राप्ताङ्क ४२ प्रतिशत भन्दा माथि रहेको देखिन्छ । यस तथ्याङ्कलाई मध्यनजर गरेर हेर्दा सामाजिक अध्ययन विषयमा औषत उत्तीर्णाङ्क बढि देखिए तापनि औषत प्राप्ताङ्क ४२ प्रतिशतभन्दा माथि नदेखिनुले पाठ्यक्रमले राखेका निर्दिष्ट उद्देश्यहरू हासिल हुन नसकेको कुरालाई प्रष्ट्याएको देखिन्छ । यस्तो अवस्थामा पाठ्यक्रमको कार्यान्वयनमा भएका कतिपय समस्याहरूलाई सुल्झाउँदै अगाडि बढ्नुपर्ने अवस्थाको सिर्जना भएको देखिन्छ । यसका लागि विभिन्न उपायहरू जस्तै मूल्याङ्कन प्रणालीमा सुधार, शिक्षकहरूको योग्यतामा वृद्धि, तालिमको व्यवस्था, पठनपाठनको तरिकामा सुधार र व्याख्यानलाई भन्दा अभ्यास तथा क्रियाकलापलाई पठन पाठनको मूख्य रणनीति बनाउनु पर्ने, पठनपाठनका लागि विषयगत शिक्षकको अनिवार्य व्यवस्था गर्नुपर्ने 'गर र सिक' भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउनु पर्ने, शिक्षण तथा स्वअध्ययन सामग्रीको पर्याप्त मात्रामा व्यवस्था गरिनु पर्ने, कक्षाकोठाको व्यवस्थापनमा जोड दिनुपर्ने, स्थानीय स्तरमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गर्नका लागि शिक्षण सीपहरू हासिल गर्न अवसरहरू प्रदान गर्नुपर्ने सुझावहरू औंल्याइएको छ ।

वली (२०६६) का अनुसार माध्यमिक तहमा अध्ययनरत बालबालिकाको पढाइ, विद्यालयमा हुने प्रगति विभिन्न अतिरिक्त क्रियाकलापमा संलग्नता आदिका बारेमा आफ्ना बालबालिकाहरूको चासो लिई अभिभावकहरूले विद्यालयमा गएर बुझ्ने गरेको कमै मात्रामा भेटियो । विद्यार्थीहरूका लागि पढ्ने समयको व्यवस्थापन, पढ्नका लागि छुट्टै

कोठाको व्यवस्था, खेल्नका लागि उचित समयको व्यवस्था, गृहकार्य गर्ने कुरामा सहयोग आदि जस्ता विषयमा अभिभावकहरूले उनीहरूको पेसामा संलग्नता अनुसार सहयोग पुऱ्याएको पाइयो । वलीका अनुसार शिक्षण पेसामा लाग्ने अभिभावकहरूले बालबालिकाहरूको सिकाइ प्रक्रियामा सकारात्मक भूमिका खेल्ने गरेको र अन्य पेसा जस्तो कृषि, पशुपालन, व्यापार, मजदुरी आदि पेसामा संलग्न अभिभावकहरूले बालबालिकाहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा भूमिका खेल्न नसकेको पाइयो ।

खनाल (२०६२) का अनुसार विद्यार्थी मूल्याङ्कनलाई दुई प्रकारले सञ्चालन गरिनेछ, पहिलो निर्माणात्मक र दोस्रो निर्णयात्मक । उनले मूल्याङ्कनलाई उच्च प्राथमिकता दिँदै मूल्याङ्कनलाई विद्यार्थीको मूल्याङ्कनसँग आबद्ध हुने गरी विकसित गरिने कुरा बताएका छन् । मूल्याङ्कन गर्दा पाठ्यक्रममा आधारित भई विद्यार्थीको क्षमता लक्षित हुनेगरी गरिनेछ । यस्तो मूल्याङ्कनमा शिक्षकलाई जिम्मेवार बनाइनेछ । यस्तो मूल्याङ्कनले विद्यार्थीका शैक्षिक उपलब्धिका अलावा विद्यार्थीका विशिष्ट व्यवहार, दक्षता, सीप तथा प्रविधि जस्ता गुणात्मक पक्षहरूको मूल्याङ्कनमा जोड दिइनेछ । यसरी निर्माणात्मक मूल्याङ्कनलाई विशेष गरी विद्यार्थीहरूको क्षमता अभिवृद्धि तथा उदार कक्षोन्नती व्यवहारमा लागू गरिनेछ भने निर्णयात्मक मूल्याङ्कनलाई तहवृद्धि तथा कक्षोन्नतिका लागि लागू गरिनेछ । निर्माणात्मक मूल्याङ्कनलाई व्यवहारिक रूपमा आधारभूत तहको कक्षा ७ सम्म लागू गरी क्रमशः उदार कक्षोन्नतिको व्यवस्था लागू गरिनेछ । यसबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्ने आशा राखिएको छ ।

मोक्तान (२०६७) का अनुसार प्राथमिक तहमा नियमित रूपमा विद्यालयमा उपस्थित नहुने विद्यार्थीहरूको भन्दा उपस्थितिमा नियमितता हुने विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर राम्रो रहेको पाइयो । यसरी कक्षामा कम मात्रामा उपस्थित हुने विद्यार्थीहरूको औषत उपलब्धि स्तर मध्यम किसिमको पाइएको छ । विभिन्न समस्यामा शिक्षक, अभिभावक तथा वि.व्य.स. बीच विभिन्न छलफल चलाइए पनि प्राथमिक तहमा विद्यार्थीको नियमितता बढाउन सफल भएको पाइएन । कक्षाको वार्षिक परीक्षामा प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई सामान्य किसिमले पुरस्कारको व्यवस्था गरिए तापनि उनीहरूलाई प्रमाण-पत्र, प्रशंसा-पत्र तथा नगद जस्ता पुरस्कारको व्यवस्था जस्ता कुरामा ध्यान नदिइएको तर उच्च उपस्थिति अवस्था भएका विद्यार्थीलाई भने तुलनात्मक रूपमा आकर्षक पुरस्कारको व्यवस्था गर्ने गरिएको कुरा उल्लेख छ ।

सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि तथा गरिबीको रेखामुनी रहेका बालबालिकालाई शिक्षामा सहयोग पुऱ्याई शिक्षारुपी उज्यालो अनि न्यानो घाम तपाउनका लागि मोक्तानले विभिन्न सुझावहरू दिनु भएको छ । जसमध्ये विभिन्न शैक्षिक सामग्री, पाठ्यपुस्तक तथा पोशाकको व्यवस्था मिलाई अभिभावकहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै शिक्षकहरू माझ पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरी दुर्गम तथा ग्रामीण क्षेत्रहरूमा विभिन्न पूर्वाधारहरूको विकासमा समेत ध्यान दिइनुपर्ने कुरालाई वहाँले प्रष्ट पार्नु भएको छ ।

सामाजिक नीति नियम सम्बन्धी कुराहरू विभिन्न धार्मिक ग्रन्थहरूमा झल्किएको अवस्था भएका कारण नेपालमा सामाजिक विषयको प्रारम्भ वेदहरूको सुरुवात भएसँगै भएको मानिएको अवस्थामा भएता पनि आधुनिक सामाजिक अध्ययन विषयको सुरुवात सर्वप्रथम अमेरिकाबाट भएको हो । सन् १८९२ ताका "सामाजिक ज्ञान" नामाकरण गरिएको यो विषयमा त्यस बखत इतिहास, राजनीति शास्त्र र अर्थशास्त्र मात्र समावेश थिए । सन् १९२० देखि १९५५ सम्मको समयलाई अमेरिकी विद्यालयहरूमा "सामाजिक ज्ञानको युग" भनिन्छ । यसपछि विस्तारै मुलुकका अन्य स्थानहरूमा पनि सामाजिक विषयको लोकप्रियता बढ्दै गएको पाइएको छ (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६५) ।

नेपालमा सर्वप्रथम शिक्षा योजना आयोगको "नेपालमा शिक्षा" नामक प्रतिवेदन २०११ ले प्राथमिक र माध्यमिक दुवै तहमा सामाजिक विषयलाई समावेश गर्न सिफारिस गरिएका कारण त्यसै सालदेखि उपरोक्त दुवै तहमा सामाजिक शिक्षा विषयको अध्ययन तथा अध्यापन कार्य शुरु गरिएको हो । तत्कालिन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा गठित सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले प्राथमिक तथा माध्यमिक तहमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा विषयलाई अनिवार्य विषयका रूपमा र उच्च माध्यमिक तहमा यसलाई ऐच्छिक विषयका रूपमा सिफारिस गरेको थियो । पञ्चायती व्यवस्थाको अन्त्य पश्चात् नेपालमा प्रजातन्त्रको पुनर्बहाली भएसँगै शिक्षा क्षेत्रमा समसामयिक परिवर्तन गर्ने हेतुले तत्कालिन शिक्षामन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले सामाजिक शिक्षा विषयलाई माध्यमिक तथा निम्न माध्यमिक तहमा १०० पूर्णाङ्कको अनिवार्य विषयका रूपमा समावेश गर्न सिफारिस गरेको थियो (पराजुली, २०६९) ।

प्राथमिक तहको कक्षा १ देखि ३ सम्म वातावरण र स्वास्थ्य शिक्षासँग समावेश गरी १०० पूर्णाङ्क र कक्षा ४ र ५ मा समाजिक शिक्षा विषय १०० पूर्णाङ्कको मेरो देश विषय समावेश गरी लागू गरेको थियो । निम्न माध्यमिक तथा माध्यमिक तहमा भने साप्ताहिक पाठ्यभार ५ सहित १०० पूर्णाङ्कको सामाजिक शिक्षा विषय समावेश गरी लागू गरिएको थियो भने हाल आएर प्राथमिक तहको कक्षा १ देखि ३ सम्म १०० पूर्णाङ्कको सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयलाई समावेश गरिएको छ भने कक्षा ४ र ५ मा १०० पूर्णाङ्कको सामाजिक विषयलाई छुट्टै विषयका रूपमा समावेश गरी लागू गरिएको अवस्था छ (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५) । त्यसैगरी निम्न माध्यमिक तहमा १०० पूर्णाङ्क को (निम्न माध्यमिक शिक्षा पाठ्यक्रम, २०५८) र माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ को व्यवस्था अनुरुप माध्यमिक तहको कक्षा ९ र १० मा समेत १०० पूर्णाङ्कको सामाजिक अध्ययन विषय समावेश गरी लागू गरिएको अवस्था विद्यमान रहेको छ (पराजुली, २०६९) ।

मानव जातिलाई एक चेतनशील सामाजिक प्राणीका रूपमा लिइन्छ । चेतना भएकै कारण ऊ सामाजिक, आर्थिक, राजनीतिक तथा प्राकृतिक वातावरणबाट प्रभावित भइरहेको हुन्छ । समयको अन्तराल सँगसँगै सामाजिक घटनाहरूमा पनि परिवर्तनहरू देखा पर्न थाल्दछन् । यस्तो अवस्थामा समयानुकूल आफूलाई पनि परिवर्तन गर्न सकेमा मात्र समाजमा आफ्नोअस्तित्व कायम राख्न सकिन्छ । वातावरण, समाज, परिस्थिति तथा समयको माग बमोजिम आफूलाई समायोजन गर्नका लागि मानिसलाई निश्चित सीप, कुशलता तथा शिक्षाको आवश्यकता पर्दछ । यसरी मानिस तथा विद्यार्थीलाई समय सापेक्ष बनाउनका लागि अध्ययन गरिने विषयहरू मध्ये सामाजिक अध्ययन पनि एक महत्वपूर्ण विषय हो ( लुइटेल, २०५६) ।

समाजका विभिन्न परिभाषा भएता पनि वास्तवमा समाज भनेको व्यक्तिहरूको समूह मात्र नभएर मानवीय सम्बन्धको एउटा प्रक्रियागत ढाँचा हो । समाज वृहत् छ, जसभित्र अनेकौं एकाइहरू र त्यसभित्र समानता, विभिन्नता, सहयोग, प्रतिस्पर्धा, सङ्घर्ष आदि कुरालाई प्रष्टरूपमा देख्न सकिन्छ । यो मानव समाज बीच अन्तरक्रियात्मक सम्बन्धको ज्वलन्त उदाहरण हो । समाजशास्त्र औद्योगीक र राजनैतिक असन्तुष्टि तथा अवरोधको उपज हो । अठारौं शताब्दीमा भएको औद्योगिक क्रान्तिसँगसँगै गाउँबाट शहर हुँदै समाजको संरचनामा धेरै ठूलो परिवर्तन आयो । यो परिवर्तनको प्रक्रियाको स्वरूप र प्रभावलाई बुझ्ने सन्दर्भमा

समाजशास्त्र विषयको विकास भयो । यसपछि समाजका विभिन्न तहमा भएका सामाजिक सम्बन्धको अध्ययनलाई महत्व दिइयो । समाजमा देखिएका विभिन्न समस्याहरूको अध्ययन गर्न थालियो । औद्योगिक समस्या, मजदुरको समस्या, सामाजिक मूल्य मान्यता तथा परम्परामा देखिएको विचलन र समायोजनका क्रममा देखिएका समस्याका बारेमा अध्ययन गर्नका लागि समाजशास्त्रीय ज्ञान, विधि तथा दर्शनको आवश्यकता महसुस गरियो । परिणाम स्वरूप विभिन्न समाजशास्त्रीहरूको जन्म भयो, जसले विभिन्न दर्शन, सिद्धान्त, विचार तथा सामाजिक अवधारणाहरूको प्रतिपादन गरे । यसरी सैद्धान्तिक तथा दार्शनिक विचार तथा धारणाहरू प्रतिपादन गर्ने व्यक्तिहरूमध्ये अगस्ट कम्टे, हर्वट स्पेन्सर, मेक्सवेवर, इमाइल दुर्खिम तथा कार्लमाक्स् आदिको योगदानलाई महत्वपूर्ण मानिन्छ (ऐरे, २०६७) ।

कुनै पनि सिकाइ क्रियाकलाप, तालिम वा प्रशिक्षण कार्यहरू आदिमा सहभागिता जनाइसके पश्चात् विद्यार्थीहरूको ज्ञान (सूचना वा जानकारीमूलक ज्ञान, मानसिक प्रक्रियाको ज्ञान) मा हासिल हुने दक्षतालाई उपलब्धि भनिन्छ । अर्थात् कुनै पनि विशिष्ट तालिम वा शैक्षिक कार्यक्रमको समाप्ति पश्चात् विद्यार्थी वा व्यक्तिले प्राप्त गर्ने गुणात्मक व्यवहार परिवर्तन वा दक्षता नै उपलब्धि हो (भट्ट, २०६५) ।

कुनै विद्यालयीय वा शैक्षिक कार्यमा प्रविणताको कुनै निश्चित तह वा सिकाइ कार्यमा प्राप्त सफलताको विशिष्ट स्तर पूरा गर्न सकिएको वा प्राप्त गरिएको सिकाइका रूपमा उपलब्धिलाई परिभाषित गर्न सकिन्छ । यस प्रकार शिक्षालाई एउटा निश्चित अन्तरालको शिक्षण सिकाइ, अभ्यास वा तालिम मार्फत् विद्यार्थीले आर्जन गर्ने ज्ञान, सीप र धारणाको स्तरका रूपमा परिभाषित गर्न सकिन्छ (मनोवैज्ञानिक शब्दकोश) ।

वर्तमान अवस्थामा शिक्षालाई एक आधारभूत आवश्यकताका रूपमा लिइनुका साथै शिक्षा प्राप्त गर्ने कार्यलाई मानव अधिकारका रूपमा लिने गरिएको छ । यसै कुरालाई मनन गरी नेपाल सरकारले वि.सं. २०४२ सालदेखि नै प्राथमिक शिक्षालाई आधारभूत तहका रूपमा लिई सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने गरी विभिन्न कार्यक्रमहरूको निर्माण गरी कार्यान्वयन तथा सञ्चालन गर्दै आएको छ । आर्थिक तथा सामाजिक रूपमा पछि पारिएका समुदायका बालबालिकाहरूलाई हालका दिनहरूमा विभिन्न कार्यक्रमहरू मार्फत् सेवा तथा सुविधाहरू प्रदान गर्ने गरी तथा दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिनुका साथै पोशाक तथा पाठ्यपुस्तक वितरण गर्ने कार्यक्रम सञ्चालन गरी सबैका लागि शिक्षा भन्ने नारालाई सार्थक बनाउने प्रयास गरिदै आएको अवस्था छ । यसरी सबैका लागि शिक्षा

प्रदान गर्ने चुनौतीलाई नेपालको प्राथमिक शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमले सार्थक बनाउने प्रयास गरेको अवस्था छ (शर्मा र शर्मा, २०६७) ।

नेपालमा विशेषगरी सामुदायिक र संस्थागत गरी दुई किसिमका शैक्षिक संस्थाहरूबाट औपचारिक रूपमा विद्यालय स्तरीय शिक्षा दिने काम हुँदै आएको अवस्था छ । सञ्चालनमा रहेका मध्ये धेरैजसो सामुदायिक र संस्थागत विद्यालयहरूको पठन पाठन कार्य सन्तोषजनक नभएता पनि तुलनात्मक रूपमा कतिपय संस्थागत विद्यालयहरूको अवस्था भने निकै राम्रो देखिएको छ । सर्वसाधारणको पहुँचमा रहेका धेरैजसो सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था भने निकै कमजोर रहेको अवस्था विद्यमान छ ।

विद्यालयको कमजोर आर्थिक अवस्था, सरकारी निकायको लापर्वाही, पर्याप्त दरबन्दीको अभाव, भौतिक व्यवस्थापनमा देखिएको फितलोपना, शैक्षिक सामग्रीको अभाव, राजनैतिक हस्तक्षेप, अभिभावकहरूको लापर्वाही आदि समस्याहरूको कारण सामुदायिक विद्यालयको पठन पाठन कार्य राज्यले अपेक्षा गरे बमोजिम बन्न सकेको छैन । शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय प्रशासन जस्ता पक्षहरूको पठन पाठन कार्यमा महत्वपूर्ण भूमिका रहने कुरालाई खासै वास्ता गरेको नदेखिएता पनि कतिपय सरकारी विद्यालयहरूले वर्षौसम्म पनि उत्कृष्ट शैक्षिक उपलब्धि हाँसिल गरेको देख्न पाइएको छ । यस्ता विद्यालयहरूमा सफलताको श्रेय कतै अभिभावक वर्ग, कतै स्थानीय समाज,  कतै प्र.अ. त कतै शिक्षकहरूको योगदान माथि जाने गरेको पाइएको अवस्था छ । यसमध्ये पनि सबैभन्दा ठूलो भूमिका त शिक्षक र प्र.अ.को नै रहेको कुरालाई कसैले पनि नकार्न मिल्दैन । कतिपय यस्ता विद्यालयहरू पनि छन् जहाँ पर्याप्त शिक्षक दरबन्दी र भौतिक सुविधाको अवस्था भएता पनि शैक्षिक उपलब्धि भने ज्यादै न्यून रहने गरेको पाइएको छ (अधिकारी, २०६६) ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनसँग सम्बन्धित विभिन्न विषयवस्तुलाई विश्लेषण गर्नका लागि विभिन्न विद्वान्हरूले दिएको सैद्धान्तिक खाकाहरूलाई आधार बनाइएको छ । यस अध्ययन अन्तर्गत विभिन्न विद्वान् तथा चिन्तकहरूले आफ्नोविषयमा व्यक्त गरेका अभिमतहरूलाई यस अध्ययनमा समावेश गरिएको छ ।

विद्यार्थीहरूलाई निरन्तर मूल्याङ्कन गर्नका लागि सरलबाट जटिलता तर्फ क्रमशः रूपमा सिकाइ उपलब्धिको तय गरिएको छ । सिकारुहरूलाई एउटा विषयवस्तु अन्तर्गत अभ्यस्त

गराइसकेपछि मात्र अर्को विषयवस्तुको सिकाइतर्फ अगाडि बढाउनु पर्ने तथा विद्यार्थीहरूका लागि व्यवस्थित गरिएका उपलब्धिहरू क्रमशः रूपमा हासिल नभएसम्म दोहोर्‍याएर सिकारुहरूलाई अभ्यास गराइ राख्नुपर्ने कुराको अध्ययन गर्नका लागि यो सैद्धान्तिक आधारलाई विकसित गरिएको छ । स्किनर (१९३०) का अनुसार उत्तेजनाको कारणबाट कुनै पनि किसिमको व्यवहार देखा पर्नुलाई प्रतिक्रियात्मक व्यवहार भनिन्छ । जस्तै कुनै खानेकुरा देख्दा मुखमा र्‍याल आउनु, स्किनरले १९३० मा क्रियापरक अनुसन्धान मुसामाथि गरेका थिए । त्यसै गरी दोस्रो प्रयोग परेवामा गरेका थिए । यो सिद्धान्तबाट कुनै पनि कुरा सिक्न सिकारु तत्पर हुनुपर्दछ । सिकाइलाई प्रभावकारी बनाउनका लागि सिकारुले निरन्तर र प्रभावकारी प्रयासलाई जारी राख्नुपर्ने हुन्छ । यसकारण विद्यार्थी मूल्याङ्कनमा पनि यो सिद्धान्तको सम्बन्ध रहेको देखिन्छ । मूल्याङ्कनलाई कुनै एकपटकमा मात्र सीमित नगरेर विद्यार्थीले कुनै पनि विषयवस्तुमा तत्काल रूपमा देखाउने प्रतिक्रियाका आधारमा यस अन्तर्गतका क्रियाकलापहरूको निरन्तर रूपमा मूल्याङ्कन गर्दै जानु पर्दछ (शर्मा, २०६५) ।

इमाइल दुरखीम (१८९५), संरचनात्मक कार्यवाद सिद्धान्तलाई शिक्षाको समाज शास्त्रका सिद्धान्तहरू मध्ये सबैभन्दा पहिलो र पुरानो सिद्धान्तका रूपमा लिइन्छ । समाजलाई एक निश्चित रूप मानी त्यही रूपका आधारमा सामाजिक क्रियाकलापहरू सञ्चालन हुने कुरामा यस सिद्धान्तले विश्वास राख्दछ । हरेक समाजका आ-आफ्नै किसिमका मूल्य मान्यता, सामाजिक परम्परा, रीतिरिवाज तथा संस्कृतिहरू विद्यमान रहेका हुन्छन् । यस्ता परम्पराहरूलाई त्यो समाजको सामाजिक प्रणालीका रूपमा लिइएको हुन्छ । जस अनुसार त्यस समाजका हरेक गतिविधिहरू सञ्चालित हुन्छन् । जसरी मानवीय क्रियाकलापहरूको नियमित रूपमा सञ्चालनका लागि मानिस निरन्तर रूपमा क्रियाशील हुनुपर्दछ, त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि त्यस समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । मानिसका विभिन्न शारीरिक तथा मानसिक अङ्गहरूले सही रूपमा काम गर्न सकेमा मात्र मानव शरीर स्वास्थ्य र जीवित रहन सम्भव भएझैँ समाज जीवित र क्रियाशील रहनका लागि समाजमा हुने विभिन्न गतिविधिहरू, सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता तथा रीतिरिवाजहरू पनि प्रणालीका रूपमा चल्नु पर्दछ । यसरी हरेक कुरा आफ्नोप्रणालीमा नियमित रूपमा सञ्चालित भएर जीवन सञ्चालन भएझैँ विद्यालयहरू पनि एक निश्चित प्रणालीका आधारमा सञ्चालित हुन्छन् जहाँ लगानी, प्रक्रिया र उत्पादनरुपी प्रणाली सञ्चालित हुन्छ । यसरी शिक्षामा राम्रो प्रतिफल प्राप्त गर्नका लागि विद्यालयमा लगानी

मात्र गरेर पुग्दैन, त्यसको कार्यान्वयन पक्ष समेत उत्कृष्ट र प्रभावकारी हुनु जरुरी हुन्छ ( लुइँटेल (२०६८) ।

वान्दुरा (१९६२) का अनुसार मानव एक विवेकशील प्राणी हो । ऊ विवेकी भएकै कारण उसले आफू वरिपरिको वातावरणका माध्यमबाट धेरै कुराहरू सिक्दछ । आफ्ना परिवारका विभिन्न सदस्यहरू बाबा, आमा, दाजु, भाइ, दिदी बहिनी, काका-काकी, साथीभाइ, शिक्षक, छरछिमेक तथा आफू वरपरका अन्य विभिन्न व्यक्तिहरूको व्यवहार अवलोकन गरी त्यसै बमोजिम आफूले पनि तिनै व्यवहारहरूको पुनरावृत्ति गर्दछ । अवलोकन र अनुकरणात्मक सिकाइले मानव जीवनमा उसको व्यक्तित्व विकासका लागि ठूलो भूमिका खेल्ने गर्दछ । नयाँ व्यवहार प्राप्तिमा ज्ञानात्मक तथा प्रतिकात्मक कार्यबाट सम्बन्धित तरिकाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सिकारुले तादात्मीकरणका माध्यमबाट अन्य व्यक्तिमा भएका विभिन्न गुणहरू तथा व्यवहारलाई अनुभव तथा अनुसरण गर्ने गर्दछन् ।


वान्दुराका अनुसार जीवित एवम् साङ्केतिक नमुनाद्वारा प्रदर्शित कार्यहरू प्रवृत्तिहरू तथा संवेगहरू आदिलाई कुनै व्यक्ति, सिकारु तथा अवलोकनकर्ताले आफ्नोव्यवहारमा उतार्न खोज्ने प्रक्रियालाई तादात्मिकरण भनिन्छ । मानिसका भविष्यका व्यवहारहरूको निर्धारणमा उसको विगतका व्यवहारहरूले पनि प्रभाव पार्दछ । विगतका व्यवहारहरूको प्रयोग र पुनर्वलमा व्यक्तिका वर्तमान र भविष्यका व्यवहारहरू प्रभावित हुने गर्दछन् ।

विभिन्न व्यक्तित्वहरू जसले आफ्ना जीवनमा धेरै अनुभवहरू सँगालेका छन्, जो विद्वान् अनि शिल्पी छन्, जसले समाजमा छुट्टै किसिमको पहिचान बनाएका छन् अनि निश्चित क्षेत्रमा आवश्यक पर्ने सीप सिकेका छन् त्यस्ता व्यक्तिको व्यवहारबाट सिकी तथा उनीहरूको व्यवहारलाई नमुना मानी आफूले पनि त्यस्ता व्यवहारहरूको अनुसरण गर्दै अगाडि बढ्नका लागि पथ प्रदर्शन गर्ने एक मात्र विषय सामाजिक अध्ययन नै हो । आफूसँग भएको ज्ञानात्मक क्षमता तथा अन्तरदृष्टिको प्रयोग गरी सामाजिक व्यवहारहरूलाई पहिचान तथा अनुसरण गर्ने गरिन्छ । यसरी समाजमा भएका सामाजिक व्यवहारहरूको अनुसरणको माध्यमबाट सिक्न सकिने भएका कारण यस सिद्धान्तलाई अनुकरण सिकाइ सिद्धान्त, सामाजिक सिकाइ सिद्धान्त तथा तादात्मीकरण सिकाइ सिद्धान्त समेत भन्ने गरिन्छ । ध्यानात्मक प्रक्रिया, धारण प्रक्रिया, क्रियात्मक तथा पुनः उत्पादन प्रक्रिया, पुनर्बल र अभिप्रेरणात्मक प्रक्रियालाई सिकाइमा प्रभाव पार्ने नमुनाका रूपमा उनले औँल्याएका छन् भने नमुना वातावरण, नमुना व्यवहार, सिकारुको भूमिका, पुरस्कार र दण्डको भूमिका

आदिलाई सामाजिक सिकाइमा प्रभाव पार्ने भूमिका खेल्ने प्रमुख तत्वका रूपमा औंल्याएका छन् (भट्टराई, २०६१)

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

यस अध्ययनलाई सम्पन्न गर्नका लागि निम्न बमोजिमको एक अवधारणात्मक ढाँखाको प्रयोग गरिएको छ ।




सामाजिक अध्ययन आफैमा एक जटिल विषय भएको र यस विषयमा विविध विषयवस्तुहरू समेटिएको हुँदा यस विषयको अध्ययन तथा अध्यापनमा धेरै पक्षहरूले प्रभाव पारेको हुन्छ । यसरी प्रभाव पार्ने पक्षहरूमध्ये उपरोक्त किसिमका केही महत्वपूर्ण पक्षहरूको अध्ययन यस अनुसन्धानका क्रममा गरिएको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

अध्ययन तथा अनुसन्धान कार्य आफैँमा एक जटिल कार्य हो । अनुसन्धानले कुनै पनि विषय वा समस्याको सम्बन्धमा विस्तृत रूपमा जानकारी प्रदान गरी एक निश्चित निचोड एवम् निष्कर्षमा पुग्न मद्दत गर्दछ । यस अनुसन्धानमा गुणात्मक तथा परिमाणात्मक दुवै किसिमका विधिहरूको प्रयोग गरी मिश्रित किसिमको अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनका उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न साधन तथा प्रतिक्रियादाताहरूको उपयोग गरिएको छ ।

<table>
<tr><th rowspan="2">उद्देश्य</th><th rowspan="2">साधनहरू</th><th colspan="5">प्रतिक्रियादाताहरू</th></tr>
<tr><th>शिक्षक</th><th>विद्यार्थी</th><th>प्र.अ.</th><th>स्रोतव्यक्ति</th><th>अभिभावक</th></tr>
<tr><td rowspan="4">सामुदायिक विद्यालयमा सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिको अवस्था पहिचान गर्नु</td><td>अन्तर्वार्ता</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अवलोकन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दस्तावेज</td><td colspan="5">✓</td></tr>
<tr><td rowspan="4">कक्षाकोठा शैक्षिक सामग्री र शिक्षण विधिको प्रयोगको पहिचान गर्नु</td><td>अन्तर्वार्ता</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अवलोकन</td><td>✓</td><td>✓</td><td></td><td></td><td></td></tr>
<tr><td>दस्तावेज</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="3">यस विषयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरूको पहिचान गर्नु,</td><td>अन्तर्वार्ता</td><td>✓</td><td></td><td>✓</td><td></td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td></td><td></td><td></td><td>✓</td><td></td></tr>
<tr><td>अवलोकन</td><td>✓</td><td></td><td></td><td></td><td></td></tr>
</table>

## ३.२ जनसङ्ख्या

यस अध्ययनका लागि सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरू मध्ये ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरू, त्यहाँ कार्यरत सामाजिक विषयका विषय शिक्षकहरू, त्यहाँ कार्यरत प्र.अ.हरू, अध्ययनरत विद्यार्थीहरू, अभिभावक, स्रोतव्यक्ति समेत यस अध्ययनका लागि जनसङ्ख्याका रूपमा रहेका छन् ।

## ३.३ नमुना छनोट प्रक्रिया

### ३.३.१ जिल्ला छनोट

यस अध्ययनलाई सम्पन्न गर्नका लागि सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी प्रदेश नं. १ मा रहेको सुनसरी जिल्लालाई छनोट गरिएको छ ।

### ३.३.२ विद्यालय र प्र.अ.छनोट

यस अध्ययनका लागि उद्देश्यात्मक तथा सुविधाजनक छनोट विधिको प्रयोग गरी सुनसरी जिल्ला अन्तर्गतको इटहरी उपमहानगरपालिकामा पर्ने इटहरी स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमध्येबाट जम्मा ५ वटा माध्यमिक विद्यालय र ती विद्यालयका एक एक जना प्र.अ.हरूको छनोट गरिएको छ ।

### ३.३.३ शिक्षक र विद्यार्थी छनोट

यस अध्ययनलाई सम्पन्न गर्नका लागि छनोटमा परेका विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्नुहुने शिक्षकहरू मध्येबाट प्रत्येक विद्यालयको एक एक जनाका दरले जम्मा ५ जना शिक्षकलाई उद्देश्यात्मक छनोट विधिको प्रयोग गरी छनोट गरिएको छ । साथै छनोटमा परेका विद्यालयमा कक्षा ९ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू मध्येबाट सामान्य सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयबाट ४/४ जनाका दरले जम्मा २० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

### ३.३.४ स्रोतव्यक्ति र अभिभावक छनोट

छनोटमा परेका विद्यालयहरूबाट उद्देश्यात्मक छनोट विधिको प्रयोग गरी १ जना स्रोतव्यक्ति र प्रत्येक विद्यालयका ४/४ जना अभिभावक गरी जम्मा २० जना अभिभावकको छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क तथा सूचनाका स्रोतहरू

यस अध्ययनलाई सम्पन्न गर्नका लागि प्राथमिक तथा सहायक दुवै प्रकारका स्रोतहरूद्वारा तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतहरूद्वारा सूचना सङ्कलन गर्नका लागि अवलोकन, अन्तर्वार्ता अनुसूची र प्रश्नावली जस्ता साधनहरूको प्रयोग गरिएको छ । त्यस्तै सहायक स्रोतहरूद्वारा सूचना सङ्कलन गर्नका लागि विद्यार्थीहरूका मार्कलेजर, विभिन्न प्रकाशित तथा अप्रकाशित दस्तावेजहरू, पुस्तकहरू, त्रि.वि.का शोधपत्रहरू र आवश्यक पत्रपत्रिका समेतको प्रयोग गरी सूचनाको सङ्कलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण

यो अध्ययन गुणात्मक तथा परिमाणात्मक सूचना सङ्कलन प्रक्रियामा आधारित रहेर तयार गरिने हुनाले यसका लागि निम्न बमोजिमका साधनहरूको प्रयोग गरिएको छ ।

#### ३.५.१ सहभागितामूलक अवलोकन

छनोटमा परेका विद्यालय अन्तर्गतका शिक्षकहरूले आफ्नोपेसागत सीप, दक्षता, क्षमता र तालिम तथा योग्यताको कक्षाकोठामा पर्याप्त मात्रामा उपयोग गर्न सकिरहेका छन् या छैनन् भन्ने कुरा थाहा पाउने उद्देश्यले सम्बन्धित विद्यालयका छनोटमा परेका शिक्षकहरूको कक्षा शिक्षणका क्रममा कक्षा अवलोकन फारम भरी आवश्यक सूचनाको सङ्कलन गरिएको छ । यसरी कक्षा अवलोकन गर्दा अनुसूची एकमा उल्लेखित फारमको प्रयोग गरिएको छ ।

#### ३.५.२ अन्तर्वार्ता अनुसूची

छनोटमा परेका सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी, प्र.अ. तथा अन्य सरोकारवाला पक्षहरूसँग सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिको अवस्था र समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा आवश्यक सूचना सङ्कलन गर्नका लागि सरोकारवाला पक्षहरूसँग निश्चित किसिमको अन्तर्वार्ता अनुसूचीको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । जसको नमुना अनुसूची २ र ३ मा प्रस्तुत गरिएको छ ।

#### ३.५.३ प्रश्नावली

विद्यालयमा अध्ययन गर्ने तर उपलब्धि भने राम्रो नहुने अवस्थाका कारण प्राय विद्यार्थीहरू सामुदायिक विद्यालयको शैक्षिक प्रक्रियाबाट असन्तुष्ट भई बीचैमा पढाइ छाड्ने या निजी विद्यालयमा जाने क्रम जारी छ । यस्तो अवस्थाबाट छुटकारा पाउनका लागि सामुदायिक

विद्यालयमा सामाजिक विषयको शैक्षिक उपलब्धिलाई असर पार्ने तत्वहरू केके हुन सक्छन् ? र उपलब्धिलाई उच्च बनाउनका लागि केके उपायहरू अपनाउन सकिन्छ ? भन्ने विषयमा केन्द्रित भएर विभिन्न सम्भावित उपायहरू औंल्याउने उद्देश्यले छनोटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्ष, शिक्षक, विद्यार्थी तथा अभिभावकसँग प्रत्यक्ष भेटघाट र छलफल गरी प्रश्नावली भर्न लगाई आवश्यक सूचनाको सङ्कलन गरिएको छ । यसरी विभिन्न पक्षहरूबाट सूचना सङ्कलन गर्नका लागि तयार पारिएको प्रश्नावलीको नमुना अनुसूची ४, ५ र ६ मा राखिएको छ ।

### ३.५.४ कक्षा अवलोकन फारम

यस अवलोकनलाई व्यवस्थित, विस्वसनीय र बढी भरपर्दो बनाउनका लागि शिक्षक तथा विद्यार्थीहरूका लागि कक्षा अवलोकन फारम तयार गरिएको छ । जसको नमुना अनुसूची ८ मा राखिएको छ ।

## ३.६ साधनको वैधता

कुनै पनि अध्ययन तथा अनुसन्धान तबमात्र वैध र विश्वसनीय हुन्छ, जब यसका लागि आवश्यक पर्ने विभिन्न सूचना तथा तथ्याङ्क सङ्कलनका साधनहरू भरपर्दा र सर्वस्वीकार्य हुन्छन् । यसका लागि मेरा सहपाठी साथीहरू बीच छलफल गराई प्राप्त विचारका आधारमा साधनहरूको निर्माण तथा परिमार्जन गरी गुरुवर्ग तथा शोध निर्देशकको सल्लाह, सुझावका साथै सम्बन्धित क्षेत्रको विषय विज्ञद्वारा निर्दिष्ट सुझावहरूलाई मुख्य आधार मानी छनोट गरिएका साधनहरूको वैधता स्थापित गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

छनोटमा परेका विद्यालयहरूबाट कक्षा अवलोकन फारम प्र.अ.तथा शिक्षकका लागि छुट्टाछुट्टै अन्तर्वार्ता अनुसूची, विद्यार्थी, अभिभावक तथा स्रोतव्यक्तिका लागि भिन्नाभिन्नै प्रश्नावली, परीक्षा सम्बन्धी विभिन्न मार्क लेजर अध्ययन आदिको प्रयोग गरी आवश्यक तथ्याङ्कको सङ्कलन गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनका क्रममा सङ्कलित तथ्याङ्कलाई अझ बढी स्पष्ट रूपमा प्रष्ट्याउनका लागि तथ्याङ्कको स्वरूप अनुसार तालिका, वृत्तचित्र, स्तम्भ चित्र, प्रतिशत आदिको प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ। विभिन्न तथ्याङ्कहरूलाई यस शोधमा उल्लेख गरिएका सिद्धान्त र पूर्वसाहित्यसँग तुलना गरी व्याख्या तथा विश्लेषण गरिएको छ। साथै सङ्ख्यात्मक तथ्याङ्कहरूलाई गुणात्मक रूपमा परिवर्तन गरी विश्लेषण गरिएको छ।

# परिच्छेद चार

## नतिजा प्राप्ति र छलफल

विभिन्न आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिसके पश्चात् अनुसन्धानलाई व्यवस्थित र भरपर्दो बनाउनका लागि ती सङ्कलित तथ्याङ्कहरूको नियम सङ्गत ढङ्गले व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्ययन कार्यमा प्राप्त गरिएका सूचनाका आधारमा अनुसन्धान कार्यको समीक्षालाई नियम सङ्गत र व्यवस्थित रूपमा व्याख्या तथा विश्लेषण गरी लिपिबद्ध गर्ने प्रयास गरिएको छ । यस अध्ययनका उद्देश्यहरू सामुदायिक विद्यालयमा सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिको अवस्था पहिचान गर्नु, यस विषयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरूको पहिचान गर्नु र उपलब्धिलाई उच्च बनाउनका लागि उपायहरू सुझाउनु रहेका छन् । उपरोक्त उद्देश्यहरू हाँसिल गर्नका लागि छनोटमा परेका पाँचवटा विद्यालयहरूमा कक्षा ९ र कक्षा १० का २/२ जना विद्यार्थीहरू सामान्य सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरी एउटा विद्यालयमा जम्मा ४ जना विद्यार्थीहरू छनोट गरी उनीहरूको वि.सं. २०७२ को वार्षिक परीक्षा सम्बन्धी मार्क लेजरको अध्ययन गर्नुका साथै उनीहरूको वार्षिक हाजिरी अध्ययन, शिक्षक, विद्यार्थी, प्र.अ. तथा सम्बन्धित अभिभावक र स्रोतव्यक्तिमा समेत कक्षा अवलोकन, प्रश्नावली तथा अन्तर्वार्ता अनुसूचीको प्रयोग गरी विभिन्न तथ्याङ्कहरूको सङ्कलन गर्नुका साथै त्यसैका आधारमा तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण गरी यस शोधकार्यलाई पूरा गरिएको छ ।

### ४.१ सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिको अवस्था

अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यालयहरू श्री जनता उच्च माध्यमिक विद्यालय इटहरी, श्री कचना महादेव मा.वि.इटहरी, श्री ज्योति मा.वि. इटहरी, श्री महेन्द्र उ.मा.वि. इटहरी र श्री सरस्वती सतन मा.वि.इटहरीमा गई सामान्य सम्भावनायुक्त नमुना छनोटका आधारमा विद्यार्थीहरूको छनोट गरी सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिको अवस्था अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा सबै विद्यालयका मार्क लेजरहरूको अभिलेखका आधारमा अध्ययन गरिएको छ । अध्ययन गरिएका विद्यार्थीहरूद्वारा सामाजिक अध्ययन विषयमा प्राप्त गरेको सिकाइ उपलब्धिको अवस्थालाई अनुसूची १ मा

देखाइएको छ । यसका साथै विद्यार्थीका औषत हारिजी तथा उपलब्धीलाई निम्नबमोजिम तालिकामा देखाइएको छ :

तालिका नं. १

विद्यार्थीका औषत हारिजी तथा उपलब्धी

| क.सं. | विवरण | हाजिरी दिन | उपलब्धी प्रतिशत |
|---|---|---|---|
| १ | अधिकतम | १८० | ७८ |
| २ | न्यूनतम | १२० | २० |
| ३ | औषत | १५६ | ४८.९५ |

माथिको तालिका विश्लेषण गर्दा अध्ययनका क्षेत्र अन्तगरगतका विद्यालयको सिकाइ उपलब्धी र हाजिरीका सम्बन्धमा प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । जस अनुसार विद्यार्थीको सामाजिक अध्ययन विषयको औषत उपलब्धी ४८.९५ प्रतिशत भएको पाइएको छ । तालिका बमोजिम अधिकतम उपलब्धी ७८% र न्यूनत्तम उपलब्धी २०% मात्र रहेको देखिन्छ । त्यसैगरी औषत हाजिरी र न्यूनत्तम हाजिरी क्रमश : १८ दिन र १२० दिन रहेको पाइएको छ । यसबाट के कुरा प्रस्ट देखिन्छ भने विद्यार्थीको हाजिरीको अवस्थाले उनीहरुको सिकाइ उपलब्धीमा प्रत्यक्ष रुपमा असर पार्ने गर्दछ । अर्थात् विद्यार्थीहरुको नियमितता र सिकाइ उपलब्धी बिच ठूलो सम्बन्ध रहने कुरा प्रस्ट रुपमा देख्न सकिन्छ ।

विद्यार्थीहरुको सिकाइ उपलब्धीलाई प्रभाव पार्ने विभिन्न कारक तत्वहरुमध्ये हाजिरी दिनलाई पनि आधार मानेर विभिन्न अनुसन्धानहरु भएका छन् । जसमध्ये श्री सुकुना बहुमुखी क्याम्पसका वि.सं. २०६५/०६६ का विद्यार्थी श्री शेरबहादुर श्रेष्ठले “माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारीता” विषयक शीर्षकमा अनुसन्धान गरी विद्यार्थीको हाजिरी र उनीहरुको उपलब्धी बिच प्रत्यक्ष सम्बन्ध रहेको कुरा व्यक्त गरेका छन् । त्यसैगरी जनता क्याम्पसका विद्यार्थी लालु प्रसाद चौधरीले आफ्नो शोधपत्रमा समेत सामुदायिक विद्यालयमा विद्यार्थीहरुको उपस्थिति औषत रुपमा मत्र भएका कारण सरकारी विद्यालयको उपलब्धी कमजोर भएको कुरा व्यक्त गरेका छन् ।

### ४.१.१ विद्यालयअनुसार सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको अवस्था

अध्ययन क्षेत्रका विद्यालयहरुको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुको २०७२ सालको वार्षिक परीक्षा सम्बन्धी कक्षागत सिकाइ उपलब्धीको अवस्था निम्नबमोजिम रहेको छ ।

तालिका नं. २

अध्ययन क्षेत्रका विद्यालयको सामाजिक अध्ययन विषयको कक्षागत सिकाइ उपलब्धीको अवस्था

| क.सं. | विद्यालय | कक्षागत उपलब्धी | |
|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० |
| १ | श्री जनता उ.मा.वि. | ४७% | ३७.५% |
| २ | श्री कचना महादेव मा.वि. | ४७% | ७०.५% |
| ३ | श्री ज्योती मा.वि. | ३७% | ५१.५% |
| ४ | श्री महेन्द्र उ.मा.वि. | ५०.५% | ५८% |
| ५ | श्री सरस्वती सतन मा.वि. | ३५.५% | ५५.५% |

स्रोत : विद्यालय अभिलेख, २०७२

माथिको तालिका बमोजिम श्री जनता उच्च माध्यमिक विद्यालय इटहरीमा सामान्य सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरी कक्षा ९ का २ जना र कक्षा १० का २ जना विद्यार्थीहरू छनोट गरी उनीहरूले २०७२ सालको वार्षिक परीक्षा तथा टेस्ट परीक्षामा सामाजिक अध्ययन विषयमा प्राप्त गरेको सिकाइ उपलब्धिलाई विद्यालय अभिलेख २०७२ का आधारमा प्रस्तुत गरिएको छ । जसअनुसार छनोटमा परेका कक्षा ९ का दुई जना विद्यार्थीहरुको औषत रुपमा सिकाइ उपलब्धी ४७ र कक्षा १० का दुई जना विद्यार्थीहरुको सामाजिक अध्ययन विषयमा औषत उपलब्धी ३७.५% पाइएको छ । कक्षा ९ र १० दुवैको उपलब्धीलाई खासैगरी सन्तोषजनक मान्न सक्ने अवस्था रहेको देखिँदैन ।

श्री कचना महादेव माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट सामान्य सम्भावनायुक्त नमुना छनोटका आधारमा छनोट गरिएका ४ जना विद्यार्थीहरूको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको अवस्था अध्ययन गर्दा २०७२ सालको वार्षिक परीक्षा तथा कक्षा १० को एस.एल.सी. टेष्ट परीक्षामा कक्षा ९ का विद्यार्थीहरुको औषत सिकाइ उपलब्धी ४७ प्रतिशत र कक्षा १० का विद्यार्थीहरुको औषत सिकाइ उपलब्धी ७०.५% रहेको देखिन आएको छ । यसबाट कक्षा १० को औषत उपलब्धीलाई औषत रुपमा राम्रै मान्न सकिएता पनि कक्षा ९ को उपलब्धीलाई सन्तोषजनक मान्ने अवस्था देखिँदैन ।

छनोटमा परेका विभिन्न विद्यालयहरूको २०७२ सालको परीक्षा सम्बन्धी मार्क लेजर अध्ययन गर्ने क्रममा श्री ज्योति मा.वि.इटहरी-५ मा पनि परीक्षा सम्बन्धी विभिन्न दस्तावेजहरू अध्ययन गरिएको थियो । यस बमोजिम नमुना छनोटमा परेका कक्षा ९ का २ जना विद्यार्थीहरुको औषत सिकाइ उपलब्धी ३७% र कक्षा १० का विद्यार्थीहरुको सामाजिक विषयमा औषत सिकाइ उपलब्धी ५१.५% रहेको पाइएको छ ।

श्री महेन्द्र उच्च माध्यमिक विद्यालय अन्तर्गतका नमुना छनोटमा परेका कक्षा ९ र कक्षा १० का विद्यार्थीहरुको सामाजिक विषयमा औषत उपलब्धी क्रमश : ५०.५ र ५८ प्रतिशत रहेको पाइयो । यस उपलब्धीलाई सामान्य रुपमा सन्तोषजनक मान्न सकिने अवस्था भएता पनि पूर्णरुपमा ढुक्क हुने अवस्था देखिँदैन ।

छनोटमा परेका विभिन्न विद्यालयहरुको सिकाइ उपलब्धीको अध्ययन गर्ने क्रममा श्री सरस्वती सतन मा.वि. इटहरी-७ अन्तर्गतका कक्षा ९ र कक्षा १० का विद्यार्थीहरुको समेत उपलब्धी अध्ययन गरिएको थियो । जसअनुसार कक्षा ९ र कक्षा १० को नमुना छनोटमा परेका विद्यार्थीहरुको सामाजिक विषयमा क्रमश ३५.५ र ५५.५ प्रतिशत सिकाइ उपलब्धी भएको पाइयो ।

उपरोक्त विभिन्न नमुनाहरूको अध्ययनबाट समग्रमा के पाइएको छ भने सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि सन्तोषजनक देखिँदैन । अन्य विषयहरू गणित, विज्ञान, अङ्ग्रेजी, आदिमा जस्तो विद्यार्थीहरूले सामाजिक विषयमा उच्च उपलब्धि हाँसिल गर्न सकेको देखिँदैन । विद्यालयमा विभिन्न वर्षहरूमा हुने परीक्षाहरूमा प्रायजसो सामाजिक विषयको उपलब्धि सामान्य किसिमको हुने गरेको यथार्थ शिक्षक तथा प्र.अ.हरू बताउनु हुन्छ ।

### ४.१.२ छनोटमा परेका विद्यालयहरुको विषयगत शैक्षिक उपलब्धी सम्बन्धी अवस्थाको तुलनात्क अध्ययन

तालिका नं. ३

विषयगत शैक्षिक उपलब्धी

| विद्यालय / विषय | श्री जनता उ.मा.वि. | श्री कचना महादेव मा.वि. | श्री ज्योति मा.वि. | श्री महेन्द्र उ.मा.वि. | श्री सरस्वती सतन मा.वि. |
|---|---|---|---|---|---|
| नेपाली | ३९.८ | ३० | ४३.६६ | ४३.९६ | २५.४८ |
| अङ्ग्रेजी | ४४.२ | ३६.२ | १८.८८ | २८.१७ | ३१.८२ |
| गणित | ३६.३७ | २२ | १२ | २८.४७ | ३५.९६ |
| सामाजिक | ४२.२ | ३६ | २४.७५ | ४४.४५ | २६.९६ |
| विज्ञान | ३९.३ | ३८ | २९ | ४१.१३ | ४६.१६ |

स्रोत : स्थलगत अध्ययन, २०७२

उपरोक्त तालिका अनुसार पनि सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीबाट सन्तुष्ट हुने अवस्था देखिँदैन । उक्त तालिका अनुसार श्री जनता उ.मा.वि.मा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धी ४२.२ प्रतिशत, श्री कचना महादेव मा.वि.को ३६ प्रतिशत, श्री ज्योति मा.वि.मा २४.७५ प्रतिशत त्यसैगरी श्री महेन्द्र उ.मा.वि.मा ४४.७५ प्रतिशत र श्री सरस्वती सतन मा.वि.को सिकाइ उपलब्धी २६.९६ प्रतिशत मात्र रहेको पाइएको छ । अध्ययन गरिएका पाँच ओटा विद्यालयहरुमध्ये एउटा मात्र विद्यालय श्री महेन्द्र उ.मा.वि.को सामाजिक विषयको सिकाइ उपलब्धी अन्य विद्यालयहरुको तुलनामा राम्रो भएको देखिन्छ भने अन्य ४ ओटा विद्यालयहरुको उपलब्धी कमजोर भएको पाइएको देखिन्छ । तुलनात्मक रुपमा महेन्द्र उ.मा.वि.मा सामाजिक विषयको उपलब्धी राम्रो देखिएता पनि आफैँमा भने ४४ प्रतिशतलाई त्यत्ति राम्रो मान्न सक्ने अवस्था छैन । यसका अलवा ज्योति मा.वि. र श्री सरस्वती सतन मा.वि.मा त झन् सामाजिक विषयको सिकाइ उपलब्धीको अवस्था अति

कमजोर भएको देखिन्छ । यस्तो अवस्था हुनुका पछाडि केके कारणहरु हुन सक्छन् ? र त्सको समाधानका लागि केके उपायहरु अपनाउन सकिएला ? भनि अगाडिको एकाइमा चर्चा गरिएको छ ।

## ४.२ कक्षाकोठामा शैक्षिक सामग्री तथा शिक्षण विधिहरूको प्रयोगको अवस्था

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई उच्च र प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने विभिन्न तत्वहरूमध्ये पाठ र विषयवस्तु अनुसारका शिक्षण सामग्री र शिक्षण विधिलाई पनि एक महत्वपूर्ण र अनिवार्य तत्वका रुपमा लिइन्छ । यस अध्ययनलाई सम्पन्न गर्नका लागि छनोटमा परेका इटहरी स्रोतकेन्द्र अन्तर्गतका ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा विभिन्न विषय शिक्षक, प्र.अ., स्रोतव्यक्ति, विद्यार्थी आदिमा गरिएको सर्वेक्षणबाट समेत यो कुरा प्रमाणित भएको छ । श्री कचना महादेव मा.वि.का प्र.अ. भन्नुहुन्छ - "शिक्षण सामग्रीले सिकाइलाई ऐनाले अनुहार देखाएभैँ छर्लङ्ग पार्ने काम गर्दछ ।" वहाँका अनुसार विद्यार्थीलाई बारम्बार बोलेर कुनै कुरा सिकाउनु भन्दा शैक्षिक सामग्रीको प्रयोगबाट एकै पटकमा विषयवस्तुलाई छर्लङ्ग पार्न सकिन्छ । त्यसैगरी कचना महादेव मा.वि.कै सामाजिक विषयका शिक्षक शैक्षिक सामग्रीको महत्वलाई यसरी व्यक्त गर्नुहुन्छ -"शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण कार्यलाई सहज बनाउनुका साथै शैक्षणिक उद्देश्य सजिलैसँग प्राप्त गर्न सकिन्छ ।"

श्री ज्योति मा.वि.इटहरीका सामाजिक विषयका शिक्षक शिक्षण सामग्रीको महत्वलाई प्रष्ट्याउँदै शिक्षण कार्यलाई प्रभावकारी बनाउन शिक्षकलाई सहयोग गर्ने सहयोगी साथीका रुपमा यसलाई प्रस्तुत गर्नुहुन्छ । त्यसैगरी श्री जनता उ.मा.वि.का शिक्षक पनि शैक्षणिक सामग्रीको प्रयोगले विद्यार्थीहरूमा विषयवस्तु प्रतिको धारणा राम्ररी दिन सकिने कुरा व्यक्त गर्नुहुन्छ । श्री महेन्द्र उ.मा.वि.का शिक्षक सिकाइलाई प्रष्ट पारी लामो समयसम्म सम्भीरहन सहयोग गर्ने शसक्त हतियारका रुपमा शैक्षिक सामग्रीलाई लिनुहुन्छ । यसरी विभिन्न प्र.अ. तथा शिक्षकमा गरिएको सर्वेक्षणबाट सिकाइ र शिक्षण सामग्री बीच घनिष्ट सम्बन्ध रहेको कुरा प्रष्ट हुन्छ । विषयवस्तुलाई सरल, सहज र प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सहयोग पुऱ्याउने शिक्ष्ँण सामग्री विनाको सिकाइ अपूर्ण हुने कुरा प्रष्ट भएको छ । जसरी हतियार विना युद्धमा गएको सिपाहिले युद्धमा शत्रुलाई पराजय गर्न सक्दैन, त्यसैगरी शैक्षणिक सामग्री नबोकिकन कक्षामा जाने शिक्षकले विद्यार्थीलाई केही पनि दिन सक्दैन । शैक्षणिक सामग्रीको यति धेरै महत्व हुँदा हुँदै पनि अध्ययन क्षेत्रका धेरैजसो विद्यालयहरूमा

सामग्रीको प्रयोग नगन्यरुपमा मात्र गर्ने गरेको पाइयो । तपाईंको विद्यालयमा शैक्षणिक सामग्रीको प्रयोग र उपलब्धताको अवस्था कस्तो छ भनी सोधिएको प्रश्नमा धेरैजसो उत्तरहरू सामान्य, नगन्य, थोरैमात्र, विद्यालयमा उपलब्ध भए अनुसार जस्ता उत्तरहरू आएका थिए । यी र यस्ता किसिमका गैर जिम्मेवारपूर्ण उत्तरहरूबाटै सामुदायिक विद्यालयहरूमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्था छर्लङ्ग हुन्छ । शिक्षण कार्यलाई रुचिपूर्ण र प्रभावकारी बनाउन आवश्यक पर्ने साधनहरूमध्ये शिक्षण विधिलाई पनि एक महत्वपूर्ण साधनका रुपमा लिइन्छ । पाठ र पाठको प्रकृति तथा उद्देश्य बमोजिम उपयुक्त किसिमको शिक्षण विधि अपनाएमा मात्र शिक्षण कार्यलाई प्रभावकारी बनाई अपेक्षित सक्षमताहरू हाँसिल गर्न सकिन्छ । सामाजिक अध्ययन विषयले बालबालिकाको सैद्धान्तिक भन्दा पनि व्यवहारिक पक्षको विकास गराउने मुख्य उद्देश्य राखेको छ । बालबालिकामा सकारात्मक तथा समालोचनात्मक सोचको विकास, व्यवहारमा सुधार, प्रतिभा प्रस्फुटन एवम् सृजनात्मक सीपको विकास र विविध प्रकारका सामाजिक सीपको विकास गरी सामाजमा समायोजन हुँदै नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको हुनाले ती उद्देश्यहरू पूरा गर्नका लागि तथा विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको विकास गराउनका लागि यस विषयको सिकाइलाई सहजीकरण गर्ने क्रममा विविध प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ ।

- प्रश्नोत्तर विधि
- प्रदर्शन विधि
- समस्या समाधान विधि
- अवलोकन विधि
- अभिनय विधि
- छलफल विधि
- खोज विधि
- परियोजना विधि
- प्रयोगात्मक विधि
- क्षेत्र भ्रमण विधि
- आगमन विधि
- घटना अध्ययन विधि
- समालोचनात्मक चिन्तन विधि आदि ।

(स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम २०७१)

समयको परिवर्तन सँगसँगै राज्यको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक, ज्ञान तथा विज्ञान जस्ता क्षेत्रमा पनि परिवर्तन भइरहन्छ । परिवर्तित समयको माग बमोजिम विद्यार्थीहरूमा समय सापेक्ष शिक्षा दिनुपर्ने जटिलतालाई सामाजिक अध्ययन जस्तो गहन विषयले समसामयिक परिवर्तनलाई समेत संबोधन हुने किसिमले अध्ययन अध्यापन गरिनु आजको समयको आवश्यकता हो । यसका लागि विद्यार्थीहरूलाई सामाजिक अध्ययन विषयको धारणा बोध सहजरुपमा गराउनका लागि उपरोक्त किसिमका शिक्षण सिकाइ सम्बन्धी विविध किसिमका शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ तर अध्ययन क्षेत्र अन्तर्गतका विद्यालयका विभिन्न शिक्षक, प्र.अ. तथा स्रोतव्यक्तिहरूसँगको अन्तर्वार्ता, कक्षा अवलोकन आदिका माध्यमबाट गरिएको सर्वेक्षणबाट थाहा हुन आए अनुसार शिक्षकहरूले अध्यापन गर्ने क्रममा अर्थात् पाठ पढाउने क्रममा उपयुक्त किसिमको शिक्षण विधि अपनाइएको पाइएन । इटहरी स्रोतकेन्द्रका स्रोतव्यक्तिका अनुसार विभिन्न विद्यालयहरूमा कक्षा अवलोकन गर्दा विषय शिक्षकहरूले प्रायः जसो शैक्षिक सामग्रीहरूको प्रयोग नगर्ने गरेको र पाठ्यपुस्तकलाई प्रमुख आधार मानी पाठ्यक्रमको प्रयोगलाई ध्यान नदिएको, सामाजिक अध्ययन विषय शिक्षणका विभिन्न विधिहरुको प्रयोगलाई वास्ता नगरी व्याख्यान विधिलाई नै बढी प्राथमिकता दिने गरेको कारण विद्यार्थी केन्द्रित सिकाइ हुन नसकेको प्रतिक्रिया दिनु भएको थियो ।

कक्षामा शिक्षण सामग्रीको प्रयोग तथा शिक्षण विधिहरूको प्रयोगको अवस्था थाहा पाउने उद्देश्यले अध्ययनका क्रममा छनोटमा परेका विद्यालयमा अध्यापन गर्नुहुने सामाजिक विषयका शिक्षकहरूको कक्षा अवलोकन गरिएको थियो । जसको नुमनालाई अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

कक्षा अवलोकन सम्बन्धी विभिन्न परिसुचकहरुको अवस्था अध्ययन गर्ने क्रममा विषयवस्तुको प्रस्तुतीकरण, शिक्षकको विषयवस्तुप्रतिको ज्ञान, शैक्षणिक क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता, शिक्षणपछि विद्यार्थीहरुबाट प्रस्तुतीकरण, शिक्षण गर्दा कक्षामा मूल्याङ्कन आदि जस्ता परिसुचकमा उत्तम अवस्था पहिचान भएको, त्यसैगरी कक्षा व्यवस्थापन, शिक्षण विधिको प्रयोग, शैक्षणिक सामग्रीको प्रयोग, समसामयिक घटनाका ज्ञान, गृहकार्यको प्रयोग जस्ता परिचसुचकहरुमा मध्यम अवस्थाको पहिचान गरिएको र अतिरिक्त पाठ्यपुस्तकको प्रयोग सम्बन्धी परिसुचकमा न्यून अवस्थाको पहिचान गरिएको थियो ।

इटहरी स्रोतकेन्द्र अन्तर्गतका छनोटमा परेका ५ वटा विद्यालयहरूका सामाजिक विषयका शिक्षकहरूको कक्षा अवलोकनबाट के कुरा थाहा हुन आएको छ भने प्राय: सबै विद्यालयका सामाजिक शिक्षकहरूको शैक्षिक योग्यता उच्च हुनुका साथै उनीहरूमा विषयवस्तु प्रतिको ज्ञान तथा विषयवस्तुको प्रस्तुतीकरण समेत राम्रो भएको पाइएको छ । प्राय: सबैजसो विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धता न्यून हुनुका साथै त्यसको प्रयोग समेत नगन्य रुपमा भएको तथा सरोकारवाला पक्षले समेत त्यस्ता कुरामा ध्यान दिन नसकेका कारण त्यसबाट सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको देखिन्छ । स्रोत साधन तथा उपयुक्त किसिमको विद्यालय वातावरणको अभावका कारण शिक्षकहरूले कक्षा शिक्षणका क्रममा उपयुक्त किसिमका शिक्षण विधिहरूको प्रयोग गरेको पाइएन । शिक्षण गर्नका लागि प्रत्येक दिन पाठयोजना निर्माण गरी शिक्षण गर्नु पर्नेमा त्यसो गर्ने गरिएको पाइएन । यस्तो अवस्थामा सिकाइलाई प्रभावकारी बनाउनका लागि शिक्षकहरूले सामाजिक विषयको पाठयोजना तयार र उपयुक्त किसिमको शिक्षण विधिमा ध्यान दिँदै अनिवार्य रूपमा आवश्यकता बमोजिमका शिक्षण सामग्रीको प्रयोगमा समेत होस पुऱ्याउनु पर्ने कुरा देखिएको छ । वान्दुराको सामाजिक सिकाइमा उल्लिखित सिकाइलाई प्रभाव पार्ने प्रक्रियाहरू ध्यानात्मक प्रक्रिया, धारण प्रक्रिया, पुनर्वल र अभिप्रेरणात्मक प्रक्रिया र सिकाइलाई प्रभाव पार्ने तत्वहरू : नमुना वातावरण, नमुना व्यवहार, सिकारुको भूमिका, पुरस्कार र दण्डको भूमिका आदि प्रस्तुत सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरूसँग मिल्ने किसिमका तथ्य समान विशेषता भएका देखिएका छन् ।

## ४.३ सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू

सामुदायिक विद्यालयमा सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धिलाई विभिन्न तत्वहरूले प्रभाव पारिरहेको देखिएको छ । ती कारक तत्वहरू यहाँ विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्यालयको शैक्षिक वातावरण

विद्यालयको शैक्षिक वातावरणले विद्यार्थीको सिकाइ उपलब्धिमा अहम् तथा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसमा पनि सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई त विद्यालयको वातावरणले झनै ठूलो प्रभाव पारेको हुन्छ । विद्यालयको वातावरण चुस्त र

प्रभावकारी भएका विद्यालयहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धि पनि उच्च रहेको पाइएको छ ।

कक्षाकोठाको व्यवस्थापन, खेल मैदान, शिक्षकहरूद्वारा विद्यार्थीमा गरिने व्यवहार, प्र.अ.को व्यवहार, विद्यालय तथा अभिभावक बीचको सम्बन्ध, शैक्षिक सामग्रीहरूको व्यवस्थापन र प्रयोग, शिक्षकहरूको नियमितता, विद्यालयमा पुस्तकालयको उचित व्यवस्थापन र प्रयोग, वि.व्य.स.द्वारा विद्यालयमा गरिने उचित किसिमको सहयोग तथा अनुगमन, सरोकारवाला निकायहरूको निगरानी, विद्यार्थी मूल्याङ्कन प्रणाली, उत्प्रेरणाको व्यवस्था, पुरस्कार तथा दण्ड सजायको व्यवस्था, शिक्षक विद्यार्थी अनुपात आदि पर्दछन् । विद्यालय भित्रको यस किसिमको वातावरणीय पक्षको अवस्थाले सिकाइ प्रक्रिया तथा सिकाइ उपलब्धिमा ठूलो प्रभाव पारेको हुन्छ ।

मैले अध्ययन गर्ने क्रममा छनोटमा परेका ५ वटा विद्यालयहरू मध्ये तुलनात्मक रूपमा सबैभन्दा उत्कृष्ट किसिमको शैक्षिक वातावरण रहेको विद्यालय इटहरी-५ स्थित श्री कचना महादेव माध्यमिक विद्यालय रहेको पाइएको छ । यस विद्यालयको शैक्षिक वातावरणलाई प्रभाव पार्ने पक्षहरूमध्ये धेरै हदसम्म सकारात्मक किसिमको वातावरण पाइएको छ । जसले विद्यार्थीको सिकाइ उपलब्धिलाई पनि प्रत्यक्ष रूपमा प्रभाव पारेको देखिन्छ । शौचालयहरूको सङ्ख्या धेरै भए पनि व्यवस्थित नहुनु, बाटोको छेवैमा विद्यालय भवन भएका कारण कक्षाकोठामा पढाइ भइरहेको समयमा विभिन्न सवारी साधनबाट निस्कने आवाज लगायतका अन्य किसिमका ध्वनी प्रदुषणको सामना गर्नु जस्ता केही सानातिना समस्याहरू भए पनि ती बाहेक अन्य धेरै पक्षमा त्यहाँको शैक्षिक वातावरण उपयुक्त किसिमको रहेको पाइयो । विद्यार्थीहरूलाई पऱ्याप्त मात्रामा बस्ने ठाउँको व्यवस्था, खुल्ला र हावादार कक्षाकोठाहरू, पर्याप्त मात्रामा शिक्षकको व्यवस्था, प्र.अ.द्वारा गरिने नियमित कक्षा अनुगमन, जि.शि.का.सँगको राम्रो सहकार्य, सन्तुष्ट शिक्षक तथा कर्मचारी, विद्यालयको हाताभित्र र बाहिर समेत वरिपरि हरियाली र मनोरम वातावरण, विद्यार्थी अनुशासनमा कडाइ, उपयुक्त किसिमको खेल मैदान, खेलकुदका सामग्रीको पर्याप्तता, व्यवस्थित र छुट्टै विज्ञान प्रयोगशालाको व्यवस्था, शिक्षक तथा विद्यार्थीलाई स्व-अध्ययन गर्नका लागि पुस्तकालयको व्यवस्था, वि.व्य.स.द्वारा गरिने रेखदेख आदि कुराहरूको सुविधाका कारण अन्य विद्यालयहरूका तुलनामा यस श्री कचना महादेव माध्यमिक विद्यालयका विद्यार्थीहरूको सामाजिक विषयका साथै अन्य विषयहरूको समेत औसत उपलब्धि उच्च रहेको पाइयो ।

यसका अलावा विद्यार्थीहरूलाई नेतृत्व विकास तथा सामुहिक भावना जगाउने उद्देश्यले विभिन्न समूहमा विभाजन गरी विभिन्न जिम्मेवारी पूरा गर्न लगाइनुका साथै विद्यार्थीहरूको घरायसी वातावरणलाई समेत ख्याल गर्दै अभिभावक र विद्यालयको सम्बन्ध सुमधुर र व्यवसायिक बनाइने परिपाटिका कारण विद्यार्थीहरूको सामाजिक अध्ययन विषयको उपलब्धिमा पनि अन्य विद्यालयको अनुपातमा यस विद्यालयमा राम्रो भएको पाइयो ।

### ४.३.२ बालबालिकाको घरायसी वातावरण

बालबालिकाहरूको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू मध्ये उनीहरूको घरायसी वातावरणलाई पनि महत्वपूर्ण तत्वका रूपमा पाइएको छ । अध्ययनबाट के देखा परेको छ भने जुन बालबालिकाको घरायसी वातावरण उपयुक्त किसिमको रहेको छ, उनीहरूको सिकाइ उपलब्धि पनि अन्य विद्यार्थीको तुलनामा राम्रो रहेको छ । अध्ययन क्षेत्रका विद्यार्थी, शिक्षक, प्र.अ. तथा अभिभावकहरूसँगको छलफल, अन्तर्क्रिया तथा अवलोकनबाट पनि यस कुराको पुष्टि भएको पाइएको छ । बालबालिकाले यसरी घरायसी वातारणबाट सिक्ने कुरालाई वान्दुराको तादात्यीकरणको सिद्धान्तसँग जोडेर हेर्न सकिन्छ । तादात्यीकरणको सिद्धान्त बमोजिम बालबालिकाले आफू र आफ्नो वरिपरि वातावरणमा भए गरेका विभिन्न कुराहरुबाट जीवन सम्बन्धी व्यवहार सिक्ने गर्दछन् । आफ्नो अभिभावकहरुले गर्ने व्यवहारबाट उनीहरुले धेरै कुरा अनुकरण गर्ने तथा सिक्ने गर्दछन् । आफ्ना गाउँघर, छरछिमेक परिवारका ठूलावडा आदि व्यक्तिहरुबाट उनीहरुले विभिन्न व्यवहारहरु सिकेर त्यसलाई आफूले समेत अनुसरण गर्ने भएका कारण घरायसी वातावरणलाई पनि सिकाइमा प्रभाव पार्ने प्रमुख कारक तत्वका रुपमा लिन सकिन्छ ।

एकदिन र रात भरिमा जम्मा २४ घण्टा हुन्छ । रातको समयलाई हिसाब नगर्ने हो भने पनि जम्मा १२ घण्टा दिनमा विद्यार्थीले विद्यालय भित्र विताउने जम्मा समय भनेको ६ घण्टा मात्र हो । अरु पूरै ६ घण्टा विद्यार्थी घरमै हुन्छ । अझ रातको समय पनि हिसाब गर्ने हो भने जम्मा १८ घण्टा विद्यार्थी घरमा विताउने र ६ घण्टा मात्र विद्यालयमा विताउने गर्दछ । विदाका दिनहरूको पनि हिसाब गर्ने हो भने घरमा बिताउने समय अझै बढ्न जान्छ । यसरी सरसर्ती हेर्दा एउटा विद्यार्थीले पूरै वर्षदिनको समयमा एक चौथाई समय पनि विद्यालयमा विताएको हुँदैन । यस्तो अवस्थामा विद्यार्थीको घरायसी वातावरण राम्रो नभएमा विद्यालयले मात्रै चाहेर पनि अपेक्षित उपलब्धि राम्रो बनाउन तथा चाहे अनुसार विद्यार्थीको सिकाइलाई प्रभावकारी र उच्च बनाउन असमर्थ हुन्छ । अर्थात् घरायसी वातावरण राम्रो

नभएमा त्यसबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा नकारात्मक असर पर्न सक्दछ । आफ्ना बाबुआमा बीच हुने बेमेल, झै-झगडा, घरको आर्थिक अवस्था, बाबु आमाको शैक्षिक स्तर, अभिभावकहरूद्वारा आफ्ना नानीहरूको चासो, पारिवारिक सहकार्य तथा मेलमिलाप, गाउँ छिमेकसँगको सम्बन्ध, घरबाट विद्यालयको दुरी, विद्यार्थीका बाबुआमाको पेसा, धार्मिक तथा सांस्कृतिक मूल्य मान्यता आदि सम्पूर्ण कुराहरू विद्यार्थीको घरायसी वातावरण अन्तर्गत पर्दछन् । यस्ता कुराहरूले विद्यार्थीको सिकाइलाई प्रत्यक्ष तथा परोक्ष रूपमा महत्वपूर्ण प्रभाव पारिरहेको हुन्छ । कतिपय बाबुआमाले आफ्ना सन्तानहरूलाई विद्यालय पठाउनुको सट्टा घरायसी काममा लगाउने तथा हाँजिरामा काम गर्न पठाउने समेत पाइएको छ । छोराछोरी विद्यालय गए नगएको वास्ता नगर्ने, घरमा समेत पढ्नका लागि वातावरण नबनाइदिने, गृहकार्य गरे नगरेको वास्ता नगर्ने, विद्यालयले बोलाएर चिठ्ठी पठाउँदा समेत विद्यालयमा नजाने जस्ता गैर जिम्मेवार अभिभावक समेत प्रशस्त मात्रामा पाइएका कुरा शिक्षक, विद्यार्थी, प्र.अ. तथा अभिभावकसँगको अन्तरक्रियाबाट थाहा भएको हो ।

घर परिवारलाई पहिलो पाठशालाका रूपमा पनि लिइने गरिन्छ । तर घरायसी वातावरण उचित र उपयुक्त किसिमको नभएमा घर पाठशाला नबनेर दुःखशाला तथा अध्यारो भविष्यशाला बन्न कुनै बेर लाग्दैन । बालबालिकाहरूका लागि सिक्ने र सिकाउने कुरामा अभिभावकहरूले महत्वपूर्ण भूमिका खेल्न सक्नु पर्दछ । केवल विद्यालय पठाएर मात्र आफ्नोकर्तव्य पूरा भएको ठान्नु अभिभावकका लागि मूर्खता सिवाय अरु हुनै सक्दैन । बालबालिकाले सामाजिक विषय तथा अन्य विषयमा पनि राम्रो नतिजा ल्याउनका लागि घरमा पनि प्रशस्त मात्रामा पढाइ तथा लेखाइ सम्बन्धी प्रयासहरू गर्नुपर्दछ । यसो भएमा मात्र उनीहरूबाट अपेक्षित उपलब्धिहरू प्राप्त गर्न तथा सक्षमता हासिल गर्न सकिन्छ । आजका कोपिला रुपी बालबालिका घरपरिवारबाट राम्रो तथा कुशल नेतृत्व र सहि वातावरण पाएमा मात्र भविष्यमा एक कर्मठ, दक्ष र सक्षम नागरिक बन्नसक्ने कुरालाई चरितार्थ गर्नका लागि अभिभावकबाट आफ्ना बालबालिकालाई सही बाटो देखाउनु पर्दछ ।

धेरैजसो अभिभावकहरूमा छोराछोरीहरूलाई विद्यालय पठाए मात्र पुग्छ, पढाउने, लेखाउने र सभ्यता सिकाउने काम त शिक्षकको मात्र हो भन्ने जस्ता गलत धारणा भएको पाइयो । प्रायः धेरैजसो अभिभावकहरूले आफ्नोपेशा तथा व्यवसायलाई मात्र ध्यान दिएर आफ्ना छोराछोरीको पठन पाठनमा ध्यान दिन नसकेका कारण धेरै विद्यार्थीहरूको शैक्षिक उपलब्धि कमजोर भएको पाइयो । आफ्ना बालबालिकाहरूको सामाजिक तथा सांस्कृतिक, शैक्षिक,

संवेगात्मक आदि पक्षको विकासमा बाबुआमाले ठूलो भूमिका खेल्न सक्नु पर्दछ । घरायसी वातावरण पनि सिकाइका लागि अनिवार्य शर्त हो भन्ने कुरालाई अभिभावकले मनन गर्न सक्नु पर्दछ । अध्ययनबाट के पनि देखिएको छ भने अभिभावक र बालबालिका बीचको सम्बन्ध सुमधुर भएको र आफ्ना बालबालिकाको सिकाइलाई सहज बनाउन घर सम्भव भूमिका खेल्ने अभिभावकका छोराछोरी (विद्यार्थी) हरूको उपलब्धि पनि उच्च स्तरको पाइयो भने त्यसको ठिक विपरित बालबालिकाको वास्ता नगर्ने, उनीहरूको पठाइमा ध्यान नदिने तथा आफ्ना बालबालिका बीच सम्बन्ध सुमधुर नबनाउने अभिभावकका विद्यार्थीहरूको शैक्षिक स्तर समेत कमजोर रहेको पाइयो । अध्ययनका लागि छनोटमा परेका ५ वटा विद्यालयका २० जना विद्यार्थीहरूमा गरिएको सर्वेक्षण अनुसार निम्नानुसारको घरेलु वातावरण रहेको पाइएको छ -

तालिका नं. ४

बालबालिकाहरूका लागि घरायसी वातावरण उपलब्धताको अवस्था

| क.सं. | वातावरणीय सङ्केतहरू | व्यवस्था भएको | व्यवस्था नभएको |
|---|---|---|---|
| १ | घरमा पढ्नका लागि समय | १० (५०%) | १० (५०%) |
| २ | घरायसी काममा लगाउने | १२ (६०%) | ८ (४०%) |
| ३ | गृहकार्यमा अभिभावकको निगरानी तथा सहयोग | ८ (४०%) | १२ (६०%) |
| ४ | बालबालिकालाई नयाँ ठाउँ घुमाउने | ७ (३५%) | १३ (६५%) |
| ५ | पाठ्यपुस्तक बाहेक अन्य सन्दर्भ पुस्तक किनिदिने | ३ (१५%) | १७ (८५%) |
| ६ | पढ्नका लागि छुट्टै कोठा र बत्तीको व्यवस्था | ७ (३५%) | १३ (६५%) |

माथिको तालिकामा देखाइए बमोजिम अध्ययन क्षेत्रमा रहेका विभिन्न विद्यालय अन्तर्गतका छनोटमा परेका विद्यार्थी तथा तिनका अभिभावकमा गरिएको अनुसन्धान अनुसार विद्यार्थीहरूलाई घरमा पढ्नका लागि वातावरण मिलाउने सन्दर्भमा ५० प्रतिशत

विद्यार्थीहरूलाई मात्र घरमा लेखपढ गर्नका लागि समयको व्यवस्था गरिएको तथा वातावरण मिलाइएको अवस्था पाइयो भने अन्य ५० प्रतिशत विद्यार्थीहरूले भने अझै पनि घरमा लेखपढ गर्नका लागि समय नपाएको पाइयो । घरमा लेखपढ गर्न नपाउने वा नगर्ने बालकको सिकाइ उपलब्धि पनि कमजोर भएको पाइयो । त्यसैगरी ६० प्रतिशत अभिभावकहरूले आफ्ना बालबालिकालाई घरायसी काममा लगाउने गरेको र ४० प्रतिशत अभिभावकले आफ्ना बालबालिकालाई घरायसी काममा नलगाइकन खाली समय पढ्न तथा लेख्ने कार्यमा प्रयोग गरेको पाइयो । आफ्ना बालबालिकालाई गृहकार्य गर्न सहयोग गर्नुका साथै अनिवार्य रुपमा आफ्ना बालबालिकालाई गृहकार्य गर्न प्रेरित गर्ने अभिभावकको सङ्ख्या ४० प्रतिशत पाइयो भने गृहकार्यमा सहयोग नगर्ने र गरे नगरेको चासो पनि नदिने अभिभावकको सङ्ख्या ६० प्रतिशत रहेको देखिएको छ । यसबाट के कुराको पुष्टि हुन्छ भने अझैसम्म पनि कतिपय बाबुआमा तथा अभिभावकहरूले आफ्ना नानीहरूको शिक्षाको महत्व नै बुझ्न सक्नु भएको छैन । बालबालिकाको सामाजिक विषयको अध्ययनलाई सहयोग पुऱ्याउने हेतुले आफ्ना बालबालिकाहरूलाई नियमित रूपमा कुनै धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्र घुमाउन लाने अभिभावकको सङ्ख्या ३५ प्रतिशत मात्र पाइयो । बाँकी ६५ प्रतिशत बालबालिकालाई क्षेत्र भ्रमणमा लाने गरेको पाइएन । करिब १५ प्रतिशत अभिभावकहरूद्वारा मात्र आफ्ना बालबालिकाहरूलाई पाठ्यपुस्तक बाहेक अन्य किसिमका आवश्यक सन्दर्भ पुस्तकहरू किनिदिने गरेको पाइयो । गरिबी तथा अज्ञानताका कारण आफ्ना बालबालिकाहरूलाई छुट्टै पढ्ने कोठा र उज्यालोको व्यवस्था गर्ने भन्दा नगर्ने अभिभावकको सङ्ख्या धेरै पाइयो । यसबाट पनि विद्यार्थीको सिकाइमा प्रभाव परेको पाइएको छ ।

माथिका विभिन्न सूचकहरूको अध्ययनबाट के प्रष्ट भएको छ भने अभिभावकको आर्थिक अवस्था, सामाजिक तथा सांस्कृतिक प्रभाव, उनीहरूको शैक्षिक अवस्था आदिका कारण विद्यार्थीहरूले सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धि उच्च बनाउनका लागि उपयुक्त किसिमको घरायसी वातावरण पाउन सकिरेहका छैनन् ।

### ४.३.३ सामाजिक तथा सांस्कृतिक कारण

सामाजिक तथा सांस्कृतिक कारण पनि विद्यार्थीहरूको समाजिक विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने एक कारक तत्वका रूपमा रहेको छ । नेपाललाई चार जात छत्तीस वर्णको साझा फूलबारी भनिएझैँ हाम्रो समाज पनि विविध किसिमका जाति, भाषा, धर्म,

पेसा तथा आर्थिक हैसियतका आधारमा फरक फरक आस्था र अवस्था अनुसार निर्माण भएको छ । आ-आफ्ना सामाजिक र आर्थिक हैसियत बमोजिम उनीहरूको सोच, आदर्श र प्राथमिकताहरू समेत फरक फरक रहेका देखिन्छन् । बाइसे, चौबिसे राज्यसत्ता, जहाँनिया राणा शासन, पञ्चायती शासन पद्धति, बहुदलीय राजनैनिक व्यवस्था हुँदै हालको गणतन्त्रात्मक संघीय शासन पद्धतिसम्म आइपुग्दा पनि हाम्रो समाज भने परम्परागत र पुरातनवादी शैलीमा नै अगाडि बढिरहेको अवस्था विद्यमान छ । धनी, गरिब, उच्च, निच, सम्भ्रान्त र सिमान्तकृत महिला र पुरुष आदि आदि जस्ता विभेदरुपी पदावलीहरू समाजको अभिन्न अङ्ग बनेर समाज विकास सँगसँगै अगाडि बढिरहेका छन् । यहाँ अझै पनि दलित र गैर दलित भनेर वर्गीकरण गरिन्छ । हालसम्म पनि दलित, पिछडावर्ग, उत्पिडित तथा सिमान्तकृत वर्ग समाजमा पूर्णरुपमा स्थापित हुन सकेको अवस्था छैन । धेरैजसो दलितहरूको मानसिक धरातलमा परिवर्तन ल्याउन सकिएको छैन । उनीहरू आफ्नोपेसा परम्परागत भएको हुनाले पढे पनि नपढे पनि हामीले हाम्रो परम्परागत पेसा नगरी सुखै छैन त्यसैले किन धेरै पढ्ने ? यसो सामान्य काम चलाउ पढाइ भए पुगिहाल्छ नि अर्थात् सामान्य साक्षरमात्र बनेमा पनि काम चल्छ भन्ने मान्यताका कारण र यदि कथंकदाचित माथिल्लो योग्यता हाँसिल गरिहालिए तापनि आफू दलित भएकै कारण जागिर खान वा अन्य कुनै किसिमको काम गर्न नसकिने मान्यताका कारण उनीहरूमा आत्मविश्वासको कमीले गर्दा माथि चढ्ने र अघि बढ्न सकिरहेको अवस्था छैन । अझ स्पष्ट रुपमा भन्ने हो भने उनीहरू हालसम्म पनि समाजमा पूर्णरुपमा स्थापित हुन सकेको अवस्था छैन । यसका कारण उनीहरूका छोराछोरीहरूको पढाइ लेखाइमा पनि प्रत्यक्ष रुपमा प्रभाव परेको छ । पढ्दै गएमा पछि गएर जागिर पनि नपाइने र आफ्नोपरम्परागत सीप र पेसा पनि नरहने डरले उनीहरू सामान्य लेखपढ बाहेक पढाइ लेखाइमा अघि बढ्नै नचाहेको तीतो यथार्थ विद्यमान रहेको छ । समाजमा रहेका अन्य सभ्रान्त जाति तथा वर्गका मानिसहरूले पनि निम्न वर्ग तथा जातिहरूको उच्च अस्तित्वलाई आत्मैदेखि स्वीकार गर्न सकिरहेको अवस्था छैन । समाजमा यस किसिमको विभेदपूर्ण अवस्था रहुञ्जेलसम्म विपन्न वर्ग, दलित, अल्पसङ्ख्यक तथा समाजद्वारा पछाडि पारिएका वर्गहरूको सिकाइ उपलब्धिको स्तर माथि उठाउन कठिन मात्र नभई असम्भव प्रायः हुने कुरा प्रतित भएको छ ।

नमुना छनोटमा परेका ५ वटा विद्यालयका २० जना विद्यार्थीका २० जना अभिभावकहरू मध्ये ४ जना कृषि पेसामा ९ जना ज्याला मजदुरी, ४ जना वैदेशिक रोजगार र ३ जना

अन्य स्वरोजगार सम्बन्धी पेसामा आबद्ध भएको पाइएको छ । जसमध्ये कृषि पेसामा आबद्ध अभिभावकहरू आफ्नोकृषि पेसालाई नै सबैभन्दा महत्वपूर्ण ठान्दछन् । उनीहरू आफ्ना छोराछोरीहरूले विहान बेलुका तथा विदाको समयमा आफ्नोकाममा हातेमालो गरुन् भन्ने चाहन्छन् । उनीहरूका विचारमा आफ्ना छोराछोरीहरूले पढे पनि नपढे पनि भोलिका दिनमा गर्ने काम भनेको कृषि पेसा या खेतीपातीको काम नै हो । किनभने पढेर पनि नेपालमा जागिर पाइने अवस्था छैन । रोजगारी नपाइने भएकाले धेरै पढ्नुको कुनै औचित्य नहुने कुरा उनीहरूको तर्क छ । आफूले हाँसिल गरेको ज्ञान र सीप अनुसार उपयुक्त किसिमको काम नपाइने भएका कारण आफ्ना सन्तानलाई सानैदेखि पढाइको भन्दा पनि खेतीपातीको काम बढी सिकाउने गरेको कुरा अभिभावकहचले बताउने गरेका छन् । गरिब किसानहरूलाई जहिले पनि कामकै चटारो हुने र अलिकति फुर्सदको समयमा पनि विद्यार्थी बालबालिकाले आफ्ना अभिभावकलाई खेतीको काममा सघाउनु पर्ने बाध्यात्मक अवस्था भएको कुरा अभिभावकहरू स्वयम् स्वीकार्छन् । पढाइ लेखाइमा विद्यार्थीहरूको लगन कम छ । विद्यार्थीहरूका धेरै समस्याहरू पहिचान हुन सकिरहेका छैनन् । बाबुआमा काममा गएको बेला घरमा भाइबहिनी हेरेर बस्नुपर्ने बाध्यता पनि उनीहरूलाई छ ।

ज्याला मजदुरीमा संलग्न ९ जना अभिभावकहरूको पनि राय करिब करिब उस्तै छ । उनीहरू दिनभरी अरुकोमा काम गर्न जाने र बेलुका मात्र गलेर घर फर्कने गरेकाले आफूले आफ्ना छोराछोरीहरूको पढाइ लेखाइमा ध्यान दिन नसकेको कुरा स्वीकार्छन् । गरिबीका कारण दैनिक छाक टार्न र न्यूनतम आधारभूत आवश्यकताहरू पूरा गर्नका लागि अरुकोमा मजदुरी गर्न जानुपर्नाका साथै चेतनाको कमी र परम्परागत धारणाले गाँजेको समाज भएका कारण यसले विद्यार्थीको सिकाइलाई नराम्ररी प्रभाव पारेको छ । आफ्ना छोराछोरीले लेखपढ गरे पनि जागिर नपाउने भन्ने मान्यताको सिकार प्रायः धेरैजसो अभिभावकहरू भएको पाइयो । एक त गरिबीका कारण उनीहरू शिक्षामा खर्च गर्न सक्दैनन्, अर्कोतर्फ पढेर पनि उपयुक्त किसिमको काम नपाइने र पछि गएर आफू जस्तै ज्याला मजदुरी नै गर्नुपर्ने भएका कारण छोराछोरीको पढाइ लेखाइमा ध्यान नदिएको वा दिन नसकिएको कुरा अभिभावकहरू बताउने गर्दछन् ।

आफ्नोसानोतिनो व्यापार तथा व्यवसाय गर्ने अभिभावकहरूसँगको कुराकानीमा आफ्ना छोरा-छोरीहरूलाई आर्थिक समस्याका कारण उच्च स्तरको शिक्षा हाँसिल गराउन नसकिने बरु आफूले गर्ने गरेको पेसा व्यवसायमा हिसाब किताब गर्नका लागि सामान्य किसिमको

गणितीय हिसाब मात्र सिके पनि हुने कुरा उनीहरूले बताए । उनीहरूमा हिसाब बाहेक अन्य विषयको पढाइमा त्यति चासो नभएको पाइयो । समाजमा सामाजिक संरचना तथा साँस्कृतिक परिवेश बमोजिम यी र यस्तै खाले विविध किसिमका गलत धारणा र सोच अझैसम्म पनि विद्यमान भएको हुनाले माध्यमिक तहमा सामाजिक अध्ययन विषयको उपलब्धि राम्रो पाइएन ।

### ४.३.४ अभिभावकको शैक्षिक अवस्था

अभिभावकको शैषिक अवस्थाले पनि विद्यार्थीको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । सामान्यतया शैक्षिक अवस्था राम्रो भएका शिक्षित अभिभावकहरूका छोराछोरीहरूको सिकाइ उपलब्धि पनि अन्य अभिभावकका नानीहरूको तुलनामा राम्रो भएको पाइयो । अभिभावकको शैक्षिक हैसियत र तिनका बालबालिकाहरूको सामाजिक अध्ययन विषयको सिकाइको अवस्था, साक्षर अभिभावक र निरक्षर अभिभावकका बालबालिकाका बीचमा हुने भिन्नता, साक्षर तथा निरक्षर अभिभावकद्वारा आ-आफ्ना बालबालिकाको पढाइ र सिकाइमा गर्ने सहयोग आदि विषयहरू बीच के कस्तो सम्बन्ध रहेको छ भनी पत्ता लगाउनका लागि छनोटमा परेका ५ वटा सामुदायिक विद्यालयका २० जना अभिभावकहरूमा अन्तर्वार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । सो बमोजिम अभिभावकको शैक्षिक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ५


अभिभावकहरूको शैक्षिक अवस्था

| क.सं. | शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ४ | २०% |
| २ | प्रा.वि.तह | ६ | ३०% |
| ३ | नि.मा.वि.तह | ५ | २५% |
| ४ | मा.वि. तह | ३ | १५% |
| ५ | उ.मा.वि.तह | २ | १०% |
| | जम्मा | २० जना | १००% |

उपरोक्त शैक्षिक अवस्थालाई वृत्तचित्रमा निम्नबमोजिम देखाइएको छ -

चित्र नं. १

अभिभावकहरूको शैक्षिक अवस्था



माथि प्रस्तुत गरिएका तालिका तथा चित्र अनुसार अध्ययन गरिएका ५ वटा विद्यालयका २० जना विद्यार्थीका अभिभावकहरूको शैक्षिक योग्यता सम्बन्धी अध्ययन गरिए अनुसार साक्षर अभिभावकहरू २० प्रतिशत रहेका, प्रा.वि.तह तथा कक्षा ५ सम्म मात्र अध्ययन गरेका अभिभावकहरू ३० प्रतिशत रहेका, त्यसैगरी नि.मा.वि.तहसम्म मात्र अध्ययन गर्ने अभिभावकहरू २५ प्रतिशत र मा.वि. तथा उ.मा.वि.तहमा क्रमशः १५ र १० प्रतिशत रहेको पाइएको छ । प्रायः अभिभावकहरू आफ्नोशैक्षिक क्षमता तथा योग्यता बमोजिम पेसा व्यवसायमा लाग्ने गरेकाले उनीहरूको योग्यताले बालबालिकाको पढाइमा समेत प्रभाव पारेको पाइयो । उच्च शैक्षिक क्षमता भएका अभिभावकका विद्यार्थी छोराछोरीहरूको सिकाइ उपलब्धि पनि उच्च स्तरको रहेको पाइयो ।

### ४.३.५ अभिभावकको पेसा व्यवसाय

बालबालिकाहरूको सामाजिक विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरू मध्ये उनीहरूका अभिभावकहरूको पेसागत अवस्था तथा पेसा व्यवसायलाई पनि प्रमुख रुपमा पाइएको कुरा स्थलगत अध्ययनबाट प्रष्ट हुन आएको छ ।

अध्ययन क्षेत्र अन्तर्गतका नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूका अभिभावकहरूको पेसागत अवस्थालाई निम्न बमोजिमको तालिका तथा वृत्तचित्रमा देखाइएको छ ।

तालिका नं. ६

अभिभावकहरूको पेसागत अवस्था


| क्र.सं. | पेसागत अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ४ | २०% |
| २ | ज्याला मजदुरी | ९ | ४५% |
| ३ | वैदेशिक रोजगार | ४ | २०% |
| ४ | अन्य | ३ | १५% |
| | जम्मा | २० जना | १००% |

माथिको तालिकामा देखाइए अनुसार छनोटमा परेका ५ वटा विद्यालयका जम्मा २० जना अभिभावकहरूमा गरिएको सर्वेक्षणमा सबैभन्दा ठूलो सङ्ख्या जम्मा ९ जना ज्याला मजदुरी गर्नेहरूको रहेको पाइयो । आफू विहानदेखि बेलुकासम्म अरुकोमा ज्याला मजदुरी गर्न जाने भएका कारण आफ्ना छोराछोरीको पढाइमा चाहेर पनि ध्यान दिन नसक्ने तीतो यथार्थलाई उनीहरूले सहजै स्वीकारेका थिए । दिनभर काम गरेर थाकेर घर आउने भएका कारण विहान बेलुका घरको काम धन्दा समेत छोराछोरीले गर्नुपर्दा श्रमिक वर्गका बालबालिकाले पढाइलाई प्राथमिकता दिन नसकेको पाइयो । त्यसैगरी अर्काथरी अभिभावक सानो तिनो खेती किसानीमा लाग्ने गरेको पाइयो । उनीहरू २-४ कठ्ठा जग्गामा सागसब्जी खेती गर्नेदेखि लिएर गाई तथा बाख्रापालनका साथै अरुको २-४ विधा जग्गा अधिया तथा ठेक्कामा लिई धान तथा गहँ खेती समेत गर्ने गरेको पाइयो । किसानहरू पनि ज्याला मजदुर झैँ खेतमै व्यस्त हुने भएका कारण चाहेर पनि छोराछोरीलाई पढाइ लेखाइका लागि समय दिन नसकेको बरु कहिले काहिँ उनीहरूलाई पनि खेतबारीको काममा संलग्न गराउने गरिएकाले पनि किसानका छोराछोरीहरूको अन्य विषयहरूका साथै सामाजिक विषयको समेत शैक्षिक उपलब्धि सन्तोषजनक भएको पाइएन । नेपालको शहरी तथा अर्ध शहरी क्षेत्रका बालबालिकाहरूको त हातल यस्तो छ भने दर्गम र विकट नितान्त ग्रामीण क्षेत्रका विद्यार्थी बालबालिकाको अवस्था कस्तो होला ? जहाँ करिब ९० प्रतिशत मानिसहरू पूर्णरुपमा कृषि पेसामा नै आश्रित छन् । किसानहरूको अधिकांश समय खेतबारीमा नै बित्ने भएका कारण उनीहरूले चाहेर पनि आफ्ना सन्तानको अध्ययन अध्यापनमा समय दिन सकिरहेका छैनन् । बरु उल्टै आफ्ना छोराछोरीहरूलाई बाख्रा चराउने, घाँस काट्ने, भैँसी डोऱ्याउने आदि जस्ता काममा लगाउने गरेको पाइयो । ग्रामीण किसानहरूमा एउटा उखान प्रचलित छ - “पढो गुनो के काम, हलो जोतो खायो माम ।” यस्ता कुराहरूले गर्दा किसानका छोराछोरीहरूको सिकाइलाई प्रत्यक्ष रुपमा असर पारेको पाइयो । अध्ययन क्षेत्रमा रहेका ५ वटा विद्यालय मध्येका २० जना विद्यार्थीका अभिभावकहरूमध्ये जम्मा ४ जना अभिभावकहरू खेती किसानी पेसामा संलग्न रहेको पाइयो । यसका अलावा वैदेशिक रोजगारीतर्फ जम्मा ४ जना र स्वरोजगार सम्बन्धी अन्य पेसामा आबद्ध अभिभावकको सङ्ख्या ३ जना पाइएको छ । जसमध्ये वैदेशिक रोजगारमा जाने अभिभावकका सन्तान उचित रेखदेखको अभावमा पढाइ लेखाइ प्रति कमजोर पाइयो भने केही विद्यार्थी भने राम्रै पनि भेटियो । बाँकी तीनजना अभिभावकहरूमध्ये कोही सानोतिनो व्यापार व्यवसाय र कोही

सामान्य जागिरमा व्यस्त रहेको पाइयो । अरु पेसामा लाग्ने अभिभावकका बालबालिका भन्दा व्यापारी तथा जागिरदार अभिभावकका बालबालिकाहरूले पढाइ लेखाइमा राम्रो प्रगति गरेको पाइयो । उनीहरू नियमित रुपमा विद्यालय आउनुका साथै ट्युसनको व्यवस्था, घरमा पढ्नका लागि वातावरण तथा अवसर आदि सुविधाहरूका कारणले उनीहरूको शैक्षिक उपलब्धि अन्य पेसामा लागेका अभिभावकका बालबालिकाहरूको भन्दा राम्रो भएको पाइयो । यसरी अभिभावकको पेसागत अवस्थालाई पनि विद्यार्थीहरूको सामाजिक अध्ययन विषयको उपलब्धिलाई प्रभाव पार्ने एउटा शसक्त माध्यमका रुपमा पाइएको छ । दिपेन्द्र प्रकाश वली (२०६६) ले आफ्नो शोधपत्र “माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुको सिकाइमा अभिभावकको सहयोग” मा अभिभावकको पेसा व्यवसायले बालबालिकाको सिकाइ उपलब्धीमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने कुराको व्याख्या गरेका छन् ।

चित्र नं. २

अभिभावकहरूको पेसागत अवस्था




### ४.३.६ विद्यालयमा विद्यार्थीको नियमितता

विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने विभिन्न कारक तत्वहरू मध्ये विद्यालयमा विद्यार्थीको नियमितता वा उपस्थिति पनि एक महत्वपूर्ण तत्व हो । यो सामुदायिक विद्यालयहरूमा रहेको एक प्रमुख र जटिल समस्या पनि हो । विभिन्न अध्ययनहरूबाट के कुरा थाहा हुन आएको छ भने सामान्यतया विद्यालयमा नियमित रुपमा उपस्थित हुने विद्यार्थीहरूको सिकाइ उपलब्धि पनि राम्रो रहेको देखिएको छ भने त्यसको

ठिक विपरित विद्यालयमा नियमित रुपमा उपस्थित नहुने तथा कम उपस्थित हुने विद्यार्थीहरूको सिकाइ उपलब्धि पनि तुलनात्मक रुपमा कमजोर देखिने गरेको पाइएको छ। मोक्तान (२०६७) ले समेत आफ्नो शोधपत्र "प्राथमिक विद्यालयका विद्यार्थीहरुको उपलब्धी स्तर" मा विद्यालयमा नियमित रुपमा उपस्थित नहुने विद्यार्थीहरुको भन्दा नियमित रुपमा उपस्थित हुने विद्यार्थीहरुको औषत उपलब्धी स्तर राम्रो हुने कुरा व्यक्त गरेका छन्।

अभिभावकहरूले विभिन्न यो र त्यो बहानामा विद्यार्थीहरूलाई विद्यालय नपठाइकन घरैको काममा लगाइरहेका हुन्छन्। गरिबीका कारण बाध्य भएर वा पैसा कमाउने लोभले अभिभावकद्वारा आफ्ना बालबालिकाहरूलाई स्कुल पठाउनुको सट्टा ज्याला मजदुरीमा काम गर्न पठाइएका धेरै उदाहरणहरू विभिन्न सामुदायिक विद्यालयहरूमा रहेको यथार्थ अध्ययन क्षेत्रका शिक्षक तथा प्र.अ.हरूको प्रतिक्रियाबाट प्राप्त भएको छ।

मोक्तान (२०६७) ले पनि विद्यालयमा जुन विद्यार्थी कक्षामा न्यून उपस्थित हुन्छ, उसको सिकाइ उपलब्धि पनि न्यून हुन्छ भनी देखाएका छन्। जुन कुरा यस अध्ययनका क्रममा पनि करिब करिब मिल्न गएको देखिन्छ। यस अध्ययनबाट पनि विद्यार्थीहरूको नियमित रुपमा कक्षाकोठामा भएको उपस्थितिले सिकाइलाई प्रत्यक्ष रुपमा प्रभाव पार्दछ भन्ने कुरालाई प्रष्ट पारेको अवस्था छ।

यसरी माध्यमिक तहको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई उच्च बनाउने हो भने विद्यार्थीहरूको विद्यालयमा हुने न्यून उपस्थितिका कारणहरू पहिल्याई ती कारणहरूको गहिराईसम्म पुगी यथासम्भव तिनीहरूलाई कम गर्दै विद्यार्थीको नियमित उपस्थितिमा बल पुऱ्याउनका लागि अर्थात् उपस्थितिलाई बढाउनका लागि हरसम्भव प्रयास गर्दै आवश्यक वातावरणको निर्माण गर्न सरोकारवाला निकाय तथा राज्यले बेलैमा कदम चाल्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ। मैले अध्ययन गरेका अध्ययन क्षेत्रका विद्यालयहरूमा वि.सं. २०७२ सालको छनोटमा परेका माध्यमिक तह (कक्षा ९ र १०) का विद्यार्थीहरूको उपस्थिति र उनीहरूले सामाजिक अध्ययन विषयमा प्राप्त गरेको प्राप्ताङ्क तथा सिकाइ उपलब्धिको तालिकालाई अनुसूची १ मा राखी हाजिरी र उपलब्धीको अवस्थाको निम्नबमोजिम व्याख्या गरिएको छ।

सामान्यतया नियमित रुपमा विद्यालयमा उपस्थित हुने विद्यार्थीको सामाजिक विषयमा राम्रो उपलब्धि भएको र नियमित उपस्थित नहुने विद्यार्थीको सिकाइ उपलब्धि तुलनात्मक रूपमा

कमजोर रहेको छ । कतिपय विद्यालयका विद्यार्थीहरूको सामाजिक विषयको उपलब्धि राम्रै देखिए तापनि त्यसलाई उत्कृष्ट भने मान्न सकिन्न, किनभने गणित, विज्ञान, लेखा, अङ्ग्रेजी जस्ता विषयहरूमा अब्बल विद्यार्थीहरूले १०० प्रतिशतसम्म पनि अङ्क ल्याउने गर्दछन् तर सामाजिक विषयमा अब्बल विद्यार्थीले पनि ७५-८० भन्दा बढी अङ्क ल्याउने अवस्था छैन । यसका पछाडि थुप्रै कारणहरू छन् तर ती कारणहरूमध्ये विद्यार्थीहरूको कक्षामा नियमित उपस्थितिलाई पनि लिन सकिन्छ । अङ्ग्रेजी, गणित जस्ता विषयहरूमा कक्षामा नियमित उपस्थित नभए पनि ट्युसन तथा कोचिङ पढ्ने र पढाउने चलनले गर्दा ती विषयहरूमा उपलब्धि राम्रो नै हुन सक्छ तर सामाजिक विषयमा न त ट्युसन पढ्ने चलन छ न त कोचिङ कक्षाको नै व्यवस्था हुन्छ, जसका कारणले जो नियमित रूपमा कक्षामा उपस्थित हुन्छ उसले पाठ तथा विषयवस्तुहरू धेरै बुझ्न सक्छ र उसको उपलब्धि पनि राम्रै हुने बढी सम्भावना रहन्छ । यसको ठिक विपरित कक्षामा नियमित उपस्थित हुन नसक्ने विद्यार्थीको राम्रो सिकाइ हुन नसक्दा उपलब्धि पनि प्रायः कमजोर नै हुन्छ ।

### ४.३.७ अतिरिक्त कक्षाको व्यवस्था

सामाजिक अध्ययन विषय आफैँमा एउटा जटिल विषयका रुपमा लिइन्छ । यस विषयमा विभिन्न पक्ष तथा क्षेत्रका विषयवस्तुहरू एकिकृत गरी तयार पारिएको हुन्छ । जसमध्ये इतिहास, भूगोल, अर्थशास्त्र, दर्शन, राजनीतिशास्त्र, मानवशास्त्र, मनोविज्ञान आदि विषयहरू पर्दछन् । यति धेरै विषयवस्तु तथा क्षेत्रहरू समेटिएको हुनाले ती सबै क्षेत्रमा सबै विद्यार्थीहरूको समान दक्षता नहुन सक्छ । कसैलाई कुनै विधा कठिन लाग्न भने कसैलाई कुनै, जसले गर्दा विद्यार्थीले सामाजिक अध्ययन विषयमा पूर्ण रूपमा दक्षता हाँसिल गर्न केही जटिलता भएको कुरालाई नकार्न मिल्दैन । धेरै क्षेत्रका विषयवस्तु एउटै पुस्तकमा अध्ययन गर्न सकिने भएको सामाजिक अध्ययन विषय विद्यार्थीका लागि एक रोचक र कौतुहलताले भरिएको विषय हुँदा हुँदै पनि यस विषयको सिकाइ उपलब्धिमा भने केही समस्या देखिएको छ । सामाजिक विषय त होनि भनी गरिने हेलचेक्र्याइँका कारण यो विषयमा विद्यार्थीहरूले त्यति राम्रो उपलब्धि हाँसिल गर्न सकिरहेको अवस्था छैन । कक्षामा नपढे पनि घरमा आफैं पढेर पास भइहालिन्छ नि भन्ने मानसिकताले समस्या अझै थपेको छ । जसका कारण विद्यार्थीले यस विषयलाई कम प्राथमिकता दिई अङ्ग्रेजी, गणित र विज्ञान जस्ता विषयहरूमा अतिरिक्त कक्षा लिने ट्युसन पढ्ने, घरमा पनि अभ्यास गरिरहने भएका कारण यी विषयहरूको तुलनामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि न्यून

देखिएको छ । यस विषयलाई न घरमा महत्व दिइन्छ न विद्यालयमा न विद्यार्थी स्वयम्ले । यस्तो विकट परिस्थितिको सृजना भई सबै पक्षबाट हेलचेक्र्याइँ गरिएको हुनाले पनि यस विषयमा सिकाइ उपलब्धि राम्रो हुन सकिरहेको छैन । अन्य विषयलाई जति महत्व नदिइएको यथार्थलाई स्वयम् शिक्षक, प्र.अ., विद्यार्थी तथा अभिभावकहरू पनि स्वीकार्छन् ।

### ४.३.८ मूल्याङ्कन प्रणाली

विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरूलाई एक महत्वपूर्ण आधारका रूपमा लिइन्छ । छनोटमा परेका विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीसँगको छलफलबाट के निष्कर्ष निकालिएको छ भने सामाजिक अध्ययन विषयमा अन्य विषयमा जस्तो प्रयोगात्मक परीक्षा हुने व्यवस्था नभएका कारण पनि यस विषयको शैक्षिक उपलब्धि अपेक्षाकृत राम्रो नहुने कुरा देखिएको छ । हुन त माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले सामाजिक विषयमा पनि २५ पूर्णाङ्कको अनिवार्य प्रयोगात्मक परीक्षाको व्यवस्था गरेकाले आगामी शैक्षिक सत्रबाट कक्षा १० मा र यसै शैक्षिक सत्र २०७३ बाट कक्षा ९ मा पनि २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्ने नीति कार्यान्वयन भइसकेको छ । तर यसभन्दा अगाडि त्यस्तो व्यवस्था थिएन । जसका कारण समाजिक विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि अन्य विषयको तुलनामा कमजोर भएको पाइयो । बालबालिकाहरूको संज्ञानात्मक परिवर्तन, विद्यार्थीको विद्यालयमा नियमित उपस्थितिको अवस्था, समूहमा हुने अन्तरक्रिया, साथी तथा सहभागीहरूसँग गर्ने व्यवहार, गृहकार्यको प्रस्तुती, सुनाइ र बोलाइ, अतिरिक्त क्रियाकलापमा सहभागिता आदि जस्ता कुराहरूलाई पनि आधार बनाई मूल्याङ्कन गरिनुपर्ने कुरा माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले उल्लेख गर्नुका साथै अनुसन्धान कार्यमा सहभागीहरूबाट पनि सोही प्रकारको सल्लाह तथा सुझाव प्राप्त भएको छ ।

मूल्याङ्कन प्रणालीलाई स्कीनरको उत्तेजना र प्रतिक्रिया सिद्धान्तसँग समेत जोडेर हेर्न सकिन्छ । परीक्षाबाट प्राप्त हुने नतिजा (उत्तेजना) का लागि विद्यार्थीहरुले आफूलाई प्रयत्नशील (प्रतिक्रिया) राख्ने गर्दछन् । अध्ययन गरेको पाठ तथा विषयवस्तुबाट विद्यार्थीहरूले के कति ज्ञान हाँसिल गर्न सके भनेर जाँच्ने प्रक्रिया तथा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा भए या भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । यसरी गरिने मूल्याङ्कन जम्मा २ किसिमले सञ्चालन गरिन्छ । एउटा निर्माणात्मक मूल्याङ्कन र अर्को निर्णयात्मक मूल्याङ्कन । निर्माणात्मक मूल्याङ्कनमा पाठ पढाएका बखतमा गरिने मूल्याङ्कन, गृहकार्य, कक्षाकार्य, एकाइ परीक्षा, मासिक परीक्षा आदिलाई

लिइन्छ भने निर्णयात्मक मूल्याङ्कन अन्तर्गत प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षालाई लिने गरेको पाइएको छ । खनाल (२०६२) ले पनि आफ्नो पुस्तक “शैक्षिक अनुसन्धान पद्धति” मा मूल्याङ्कनलाई प्राथमिकताकासाथ प्रस्तुत गर्दै मूल्याङ्कनले शैक्षिक उपलब्धीका अलवा उनीहरुका विशिष्ट व्यवहार, दक्षता, सीप एवम् प्रविधिजस्ता गुणात्मक पक्षहरुको मूल्याङ्कनमा जोड दिनुको साथै यसले शिक्षकलाई समेत जिम्मेवार बनाउने कुरा व्यक्त गरेका छन् । यसैगरी अधिकारी (२०६३) ले आफ्नो पुस्तक “शिक्षक शिक्षा” मा विद्यार्थीहरुको औषत उपलब्धी बृद्धि गर्नका लागि मूल्याङ्कन प्रणालीमा सुधार गर्नुपर्ने कुरा व्यक्त गरेका छन् ।

अध्ययनका क्रममा शिक्षकले पाठ पढाइसकेपछि शिक्षण गरिएका कुराको सारांश बताइदिनु पर्दछ । त्यसपछि शैक्षणिक उद्देश्यहरू पूरा भए कि भएनन् तथा विद्यार्थीहरूमा अपेक्षित उपलब्धिहरू हासिल भए कि भएनन् भनेर जान्नका लागि लिखित या मौखिक प्रश्नहरूद्वारा पाठको मूल्याङ्कन गरिनु पर्दछ । त्यसपछि उक्त सिकाइ उपलब्धिलाई स्थायी रुपले सम्भनका लागि तथा विद्यार्थीहरूलाई अध्ययन कार्यमा व्यस्त राख्नका लागि उनीहरूलाई गृहकार्य पनि दिनु  पर्दछ । यसका अलावा एकाइको अन्त्यमा, हप्ताको अन्त्यमा, मासिक रुपमा पनि विद्याथर्ीको सिकाइलाई ताजगी प्रदान गर्नका लागि परीषाहरू लिइरहनु पर्दछ । त्रैमासिक रूपमा, अर्धवार्षिक रुपमा तथा वार्षिक रुपमा पनि अपेक्षित उपलब्धि हाँसिल भए या भएनन् ? विद्यार्थी माथिल्लो कक्षामा अध्ययन गर्न योग्य भए या भएनन् ? भनी परीक्षाहरू समेत सञ्चालन गरिनु पर्दछ । यसरी निरन्तर रुपमा सञ्चालन गरिने निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका साधनहरूलाई आवश्यकता अनुसार नियमित रुपमा सञ्चालन गर्न सकिएमा मात्र अपेक्षाकृत उद्देश्यहरू हाँसिल गर्न सहज हुने देखिन्छ ।

नमुना छनोटमा परेका विभिन्न विद्यालयहरूको स्थलगत अध्ययन गर्ने क्रममा अन्य विषयहरू भैँ सामाजिक विषयको पनि विविध साधन तथा प्रक्रियाहरू अपनाई मूल्याङ्कन सञ्चालन गर्ने गरेको पाइयो । शिक्षकहरूद्वारा विद्यार्थीहरूलाई गृहकार्य दिई सो गरे नगरेको मूल्याङ्कन गर्नुका साथै पाठ पढाइसकेपछि अन्त्यमा प्रश्नोत्तर कार्यक्रम समेत सञ्चालन गर्ने गरेको पाइयो । प्रायः जसो विद्यालयहरूमा प्रथम त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षा गरी एउटा शैक्षिक सत्र भरिमा जम्मा तीनओटा परीक्षाहरू सञ्चालन गर्ने गरेको पाइयो । कक्षा ९ का हकमा भने यसै शैक्षिक सत्र २०७३ देखि सामाजिक विषयको पनि २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था भएको पाइयो । यस बाहेक

अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, कक्षाकार्य, गृहकार्य (कहिलेकाहीँ), प्रयोगात्मक कार्य आदि जस्ता साधनहरूबाट पनि मूल्याङ्कन गर्ने गरेको पाइयो । यसरी सर-सरती हेर्दा मैले अध्ययन गरेका विद्यालयहरू एउटै स्रोतकेन्द्र अन्तर्गत पर्ने भएका कारण र दुरीका हिसाबले पनि एउटै सेरो-फेरोमा पर्ने भएका कारण प्रायः सबै विद्यालयहरूमा मूल्याङ्कन प्रणाली एउटै किसिमको भएको पाइयो ।

### ४.३.९ प्र.अ.को भूमिका

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने विभिन्न तत्वहरू मध्ये प्र.अ.को भूमिकालाई पनि मुख्य रुपमा लिन सकिन्छ । प्र.अ.का व्यवहार तथा क्षमताको कारण पनि विद्यालयमा सिक्ने र सिकाउने वातावरणको सिर्जना गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । विद्यालय भवन तथा कक्षाकोठाहरू उपयुक्त र राम्रो हुँदैमा तथा शिक्षकहरू दक्ष र योग्य हुँदैमा मात्र पनि सिकाइ प्रक्रिया प्रभावकारी हुने कुराको कुनै ग्यारेन्टी गर्न सकिँदैन । जबसम्म विद्यालयमा एउटा दक्ष, कुशल र सक्षम प्र.अ.को व्यवस्था भएको हुँदैन । प्र.अ. एउटा नेतृत्वदायी भूमिका भएका कारण विद्यालयका पठनपाठनका कुराहरू धेरै हदसम्म ऊ र उसको जिम्मेवारीसँग गएर जोडिएका हुन्छन् । जसरी राष्ट्रले सही नेतृत्व पाएन भने साधन र स्रोतले सम्पन्न भएर पनि राष्ट्रको विकास हुन सक्दैन, त्यसरी नै एउटा प्र.अ. कुशल, दक्ष र जिम्मेवार भएन भने तथा विद्यालयलाई सही नेतृत्व दिन सकेन भने त्यसबाट सिकाइ प्रक्रिया पूर्णरूपमा प्रभावित बन्न सक्छ ।

नमुना छनोटमा परेका पाँचओटा विद्यालयहरूमा विभिन्न प्र.अ.हरूको भूमिकालाई नजिकबाट अवलोकन तथा अध्ययन गरिएको थियो । ती मध्ये कचना महादेव इटहरीका प्र.अ. श्री केशव प्र. सुवेदीको भूमिका सर्वश्रेष्ठ भूमिकाका रूपमा पाइएको छ । अन्य विद्यालयका तुलनामा आर्थिक स्रोत कम भएर पनि विद्यालयलाई उत्कृष्ट किसिमको व्यवस्थापन गर्न सक्नु हुने प्र.अ. सुवेदी आफ्नोविद्यालयको शैक्षिक उपलब्धिबाट आफू सन्तुष्ट रहेको बताउनु हुन्छ । शैक्षिक उपलब्धि राम्रो भएकै कारण उहाँको विद्यालयले समय समयमा जि.शि.का.बाट पुरस्कार जित्न समेत सफल भएको तथा जि.शि.का.का तर्फबाट समय समयमा विभिन्न शीर्षकमा आर्थिक सहयोग प्राप्त गर्ने गरेको छ । यस विद्यालयमा अध्यापन गर्ने सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त हुनाका साथै प्रायः बहुसङ्ख्यक शिक्षकहरू स्नातकोत्तर सम्मको शैक्षिक योग्यता प्राप्त भएका कारण पठन पाठन स्तरीय भई

विद्यालयको शैक्षिक उपलब्धि पनि राम्रो भएको छ । यस विद्यालयमा वि.सं. २०७२ सालमा कक्षा १० को विषयगत उपलब्धि निम्न बमोजिम रहेको छ ।

| विषय | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वा.ज.वा. |
|---|---|---|---|---|---|---|
| सि.उ. | ४७% | ५८% | ३४% | ३१% | ४३% | ६४% |

उपरोक्त विषयगत उपलब्धिलाई अध्ययन गर्दा स्वा.ज.वा.विषयको सि.उ. सबैभन्दा उच्च ६४ प्रतिशत र विज्ञान विषयको सिकाइ उपलब्धि सबैभन्दा कम ३१ प्रतिशत रहेको छ । अन्य सामुदायिक विद्यालयहरूका तुलनामा राम्रो रहेको छ । सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि मध्यम किसिमको ४३ प्रतिशत रहेको देखिएको छ । यसरी कक्षा १० को कक्षागत सिकाइ उपलब्धि भने ५२ प्रतिशत रहेको देखिएको छ जसलाई राम्रो भन्नुपर्छ ।

### ४.३.१० दौंतरी प्रभाव

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई साथी समूहको प्रभावले पनि असर पारेको हुन्छ । विद्यार्थीले राम्रो संगत पाएमा उनीहरूको पढाइ लेखाइ पनि राम्रो हुने र त्यसको ठिक विपरित खराब संगत पाएमा पढाइ लेखाइमा पनि ध्यान दिन नसकी उनीहरूको सिकाइ उपलब्धि पनि कमजोर हुने देखिएको छ । यस किसिमका समस्याहरू गाउँ छिमेकमा पनि प्रशस्तै मात्रामा देख्न पाइन्छ । त्यसैले त भनिन्छ नि पण्डितको संगत गरेमा पण्डित र चोरको संगत गरेमा चोरै भइन्छ । यस विषयमा एउटा उपयुक्त नेपाली उखान पनि छ “भला लागे गुवापान, कुभला लागे नाककान” । राम्रो र असल विद्यार्थी पनि खराब संगत पाएमा खराब नै बन्न पुग्छ । नराम्रो संगतका कारण पढ्न मन नगर्ने, शिक्षक तथा अभिभावकलाई नटेर्ने, गृहकार्य नगर्ने, विद्यालय पनि नियमित रुपमा नजाने, पढेर को ठूलो भएको छ ? भनी गलत तर्क गर्ने जस्ता व्यवहारहरू देखा पर्दछन् । यसरी गलत संगतका कारण सिकाइ उपलब्धि न्यून भई कक्षामा फेल हुने, धुम्रपान, मध्यपान, लागूपदार्थ दुर्व्यसनमा लाग्ने, अभद्र व्यवहार गर्ने र विस्तारै पछि गएर आपराधिक क्रियाकलापमा संलग्न हुने जस्ता समस्याहरू समेत देखा पर्दछन् । प्रायः जसो विद्यार्थी उमेर युवावस्था नै हुने भएका कारण यो उमेरमा अरुको देखासिखी गर्ने गरेको पाइन्छ । आफ्नोवरिपरि तथा आफ्नोसम्पर्कमा जे जस्ता साथीहरू छन् त्यसै अनुसार नै उनीहरूले आफ्ना क्रियाकलाप सञ्चालन गर्दछन् । अर्थात् यो उमेरमा बढिजसो अरुकै व्यवहारको नक्कल गर्ने बानी हुन्छ ।

यसैले गर्दा यदि राम्रो संगत पाएमा उनीहरू पनि सही बाटोमा हिँड्नुका साथै सकारात्मक सोच लिएर अगाडि बढ्छन् ।

सर्वेक्षणका लागि छनोटमा परेका ५ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूका साथी संगतीहरूका सम्बन्धमा बुझ्ने प्रयास गरिएको थियो । जसअनुसार कतिपय विद्यार्थीहरू संगतकै कारण घरबाट पैसा चोर्ने, विद्यालय नआइकन साथीहरूसँग बाटोमा नै हराउने गरेको पाइयो । विद्यालयमा नजाने तर खोलामा माछा मार्न जाने, सिनेमा हेर्न जाने, चोक बजारतिर घुम्न जाने जस्ता कार्यहरू गर्ने गरेका कारण उनीहरूको पढाइ तथा लेखाइ कमजोर हुँदै गएको कुरा विद्यार्थीहरू स्वयम् स्वीकार्छन् । श्री कचना महादेवकी छात्रा प्रिजा खड्का कक्षामा प्रथम साथीको संगतका कारण आफ्नोपढाइको स्तरमा सुधार भएको कुरा स्वीकार्छिन् । हुन पनि उनीले कक्षा ९ को २०७२ को वार्षिक परीक्षामा ६२ प्रतिशत अङ्क प्राप्त गर्नका साथै कक्षामा चौथो स्थान हाँसिल गर्न सफल भएकी रहिछन् । पहिला पहिला आफू एक सामान्य अवस्थाको विद्यार्थी भएको यथार्थ पनि उनले स्वीकार्न पछि परिनन् । यसरी हेर्दा साथी संगती तथा दौँतरीको प्रभावका कारण पनि विद्यार्थीको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने देखिएको छ ।

## ४.४ सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई उच्च बनाउने उपायहरू

अध्ययन क्षेत्रमा रहेका विभिन्न विद्यालयहरूको परीक्षा सम्बन्धी कार्म लेजरहरूको अध्ययनबाट सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि सामान्य अवस्थाको मात्र भएको पाइएको हुँदा यसको उपलब्धिलाई उच्च बनाउनका लागि सरोकारवाला सबै पक्षबाट उचित पहल हुनु नितान्त जरुरी रहेको देखिन्छ । यस विषयको सिकाइ उपलब्धिलाई उच्च बनाई विद्यार्थीको शैक्षिक अवस्था सुधार्नका लागि के के उपायहरू गर्न सकिएला भनी अध्ययन क्षेत्र अन्तर्गतका ५ ओटै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक तथा स्रोतव्यक्तिमा प्रश्न गर्दै उपायहरूको खोजी गरिएको छ । यसै बमोजिम विभिन्न सरोकारवाला पक्षहरूबाट प्राप्त राय तथा सुझाव र सल्लाह बमोजिम यस विषयको उपलब्धिलाई उच्च बनाउनका लागि निम्न बमोजिमका उपायहरू सुझाइएको छ ।

### ४.४.१ विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई चुस्त बनाउने

विद्यालयको भौतिक वातावरण भन्नाले विद्यालय भवन, खानेपानी, कक्षाकोठा, शौचालय, खेलमैदान, फर्निचर आदि पर्दछन् । त्यसैगरी शैक्षिक वातावरण अन्तर्गत विद्यालय वरपरको

अवस्था, हावादार कोठाको अवस्था, प्र.अ.को व्यवहार, कक्षाकोठाको सजावट, आवश्यक शैक्षिक सामग्रीको उपलब्धता, शिक्षकको कार्य कौशलता, विद्यालय तथा अभिभावक बीचको सम्बन्ध, विद्यार्थी तथा शिक्षक बीचको सम्बन्ध, जि.शि.का.बाट विद्यालयलाई हुने सहयोग आदि । यी र यस्ता किसिमका विषयवस्तुमा उचित र प्रभावकारी व्यवस्था तथा समायोजन गर्न सकिएमा मात्र विद्यार्थीहरूलाई विद्यालय जाउँ जाउँ र पढौँ पढौँ लाग्ने किसिमको वातावरणको सिर्जना भई विद्यार्थीहरूको उपस्थितिमा नियमितता हुनाका साथै विद्यार्थीको उपस्थितिलाई नियमित बनाई उपलब्धिलाई उच्च बनाउनका लागि सहयोग पुग्ने कुरा अनुसन्धानबाट प्रष्ट हुन आएको छ ।

### ४.४.२ शिक्षकहरूका लागि तालिम तथा गोष्ठी कार्यक्रम सञ्चालन गरिनुपर्ने

तालिमले शिक्षकलाई त्यसरी नै आफ्नोकाममा दक्ष बनाउँछ, जसरी हतियारमा लगाइने धारले हतियारलाई लाग्ने बनाउँछ । विभिन्न गोष्ठीहरूको आयोजना तथा सञ्चालनबाट शिक्षकहरूबीच आदान प्रदान भई सिकाइ सम्बन्धी विभिन्न समस्याहरू समाधान गर्नका लागि सहयोग प्राप्त हुन्छ । यसरी तालिम कार्यक्रम सञ्चालन पश्चात् तामिल प्राप्त शिक्षकहरूले आफूमा भएका कमी कमजोरीहरू हटाउनुका साथै सिकाइलाई व्यवहारिक र प्रभावकारी बनाउने विभिन्न उपायहरूको जानकारी हाँसिल गर्दछन् । समयको परिवर्तन सँगसँगै समाजको मूल्य, मान्यता तथा मानवीय आवश्यकतामा समेत परिवर्तन आउने गर्दछ । यस्तो किसिमको बदलिँदो परिवेशमा आफूलाई उपयुक्त ढङ्गले प्रस्तुत गर्नका लागि पनि शिक्षकहरूलाई तालिमको आवश्यकता पर्दछ । विज्ञान र प्रविधिको विकास, ज्ञानको विस्फोटन, राजनीतिक उतार चढाव, विश्व परिवेश, सूचना तथा सञ्चारको जगतमा भएको आधुनिक परिवर्तन, समय समयमा हुने पाठ्यक्रमको परिवर्तन आदि जस्ता यी र यस्तै किसिमका विषयवस्तुमा आफूलाई समय सापेक्ष रुपमा परिवर्तन तथा समायोजन गर्दै सोही बमोजिम सिकाइलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि समेत बेला बेलामा दिइने तालिमले शिक्षकलाई दक्षताको विकास गर्नका लागि ठूलो सहयोग पुऱ्याउने भएका कारण शिक्षकहरूका माझ समय समयमा यस्ता तालिम तथा गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ।

### ४.४.३ विद्यालयमा पर्याप्त मात्रामा सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको व्यवस्था हुनुपर्ने

अध्ययन क्षेत्रका धेरैजसो विद्यालयहरूमा सिकाइलाई प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका लगायतका अन्य सन्दर्भ सामग्रीहरूका साथै सिकाइ कार्यमा अति आवश्यक पर्ने शिक्षण सामग्रीहरू समेत पर्याप्त मात्रामा नभएको पाइयो । यस्तो अवस्थामा विद्यार्थीहरूमा प्रभावकारी शिक्षण सम्पन्न गर्दै सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि त्यस्ता सामग्रीहरूको अनिवार्य रूपमा विद्यालयमा उपलब्ध गराउनु पर्ने देखिन्छ ।

### ४.४.४ प्र.अ.को भूमिकालाई प्रभावकारी बनाउने

एउटा नेपाली उखानै छ कि “मियो बलियो भएमा मात्र गोरु ठिक ठाउँमा घुम्छ ।” प्र.अ. पनि विद्यालय सञ्चालनका लागि एउटा जिम्मेवार र प्रमुख भूमिका भएको पद हो । विद्यालय क्षेत्रभित्र सञ्चालन हुने अन्य जति पनि प्रक्रियाहरू प्र.अ.कै नेतृत्वमा चलायमान भएर घुमिरहेका हुन्छन् । यस्तो अवस्थामा प्र.अ.ले सही र प्रभावकारी नेतृत्व दिन नसकेमा विद्यालयको सम्पूर्ण शैक्षिक गतिविधिनै चौपट हुन जाने खतरा हुन्छ । जसरी गाडिको चालक दक्ष नभए यात्री गन्तव्यमा पुग्ने कुनै ग्यारेण्टी हुँदैन त्यसरी नै प्र.अ.ले पनि सही नेतृत्व दिन नसकेमा शिक्षाको लक्ष्यमा पुग्न नसकी उपलब्धि कमजोर बन्छ । अध्ययन क्षेत्रमा रहेका विभिन्न विद्यालयको सामाजिक विषयको उपलब्धिलाई अध्ययन गर्ने क्रममा प्र.अ.को क्षमता तथा दक्षताले पनि सिकाइ उपलब्धिलाई प्रभाव पारेको पाइयो । कतिपय विद्यालयहरूमा प्रा.वि.तहको प्र.अ.ले माध्यमिक विद्यालय सञ्चालन गरिरहेको पाइयो, जसबाट विद्यालयको शैक्षिक प्रक्रियामा प्रत्यक्ष रूपमा प्रभाव परेको पाइएको छ । यस्तो अवस्थाबाट छुटकारा पाई विद्यालयको सिकाइ उपलब्धिलाई उच्च बनाउनकालागि उचित कानुनी व्यवस्था गरी जतिसक्दो चाँडो नेतृत्व क्षमता भएको र उच्च शैक्षिक तथा प्राज्ञिक क्षमता भएको दक्ष व्यक्तिलाई प्रतिस्पर्धाका आधारमा प्र.अ.पदका लागि छनोट गर्नुपर्ने राय सम्बन्धित विभिन्न पक्षबाट अध्ययनका क्रममा प्राप्त भएको छ ।

### ४.४.५ पाठको विशेषता बमोजिम उपयुक्त किसिमको शिक्षण विधिको प्रयोग गरिनुपर्ने

कुनै पनि पाठलाई सरल, सहज र बोधगम्य बनाउनका लागि शिक्षण विधिको प्रयोगले ठूलो भूमिका खेलेको हुन्छ । पाठको विशेषता बमोजिम उपयुक्त किसिमको शिक्षण विधि अपनाउन नसकिएमा विद्यार्थीका लागि त्यो पाठको विषयवस्तु कुहिराको कागजस्तै बन्न गई

उनीहरूको सिकाइ उपलब्धि समेत न्यून बन्नुका साथै पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा हुन नसक्ने हुन्छन् । अध्ययन क्षेत्र अन्तर्गतका प्रायःजसो विद्यालयहरूमा उपयुक्त किसिमको शिक्षण विधिको प्रयोग भएको नपाइएका कारण शिक्षण कार्य विद्यार्थी केन्द्रित हुनाको साटो परम्परागत रुपमा रहेको शिक्षक केन्द्रित शिक्षण विधि नै बढी हावी भएको अवस्था पाइएका कारण सिकाइ कार्यमा समस्या रहेको पाइएको छ । यस्तो अवस्थामा पाठको विशेषता बमोजिम पाठ्यक्रमले निर्दिष्ट गरेका विभिन्न शिक्षण सिकाइ विधिहरू मध्येबाट उपयुक्त शिक्षण विधिको प्रयोग गरी शिक्षणलाई विद्यार्थी केन्द्रित बनाउँदै पाठलाई बोधगम्य र वस्तुपरक बनाउनु पर्ने धारणा व्यक्त गरिएको छ ।

### ४.४.६ अतिरिक्त कक्षाको व्यवस्था

सामाजिक विषय आफैँमा एक जटिल विषय हो । यस विषयमा विभिन्न क्षेत्र तथा विषयवस्तुहरू समावेश गरी एकीकृत रुपमा तयार पारिने भएका कारण यसका विषयवस्तु तथा पाठहरूलाई सबै विद्यार्थीहरूले  सरल र सहज ढङ्गले बुझ्ने कुरामा निश्चित हुने अवस्था छैन । यस्तो अवस्थामा कमजोर विद्यार्थीहरूको पहिचान गरी नियमित विद्यालय कक्षादेखि बाहेकको छुट्टै तथा विशिष्ट किसिमको अतिरिक्त कक्षा सञ्चालन गरी उनीहरूको सिकाइलाई सहज तथा प्रभावकारी बनाउने प्रयास गरिनु पर्दछ । यसो गर्न सकिएमा मात्र सामाजिक विषयको सिकाइ उपलब्धिलाई उच्च बनाउन सकिन्छ ।

### ४.४.७ मूल्याङ्कन प्रणालीमा सुधार गर्नुपर्ने

मूल्याङ्कन प्रणाली पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वका रुपमा पाइएको छ । निर्णयात्मक मूल्याङ्कन अन्तर्गत रहेको त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षालाई मात्र विद्यार्थी मूल्याङ्कनको प्रमुख आधार नबनाइकन पाक्षिक तथा मासिक रुपमा समेत विद्यार्थीको मूल्याङ्कन गरिनुका साथै निरन्तर मूल्याङ्कन प्रणालीद्वारा पनि विद्यार्थीहरूको मूल्याङ्कन गरिनु पर्दछ । यसका अलावा अन्य विषयवस्तुमा झैँ यस विषयमा समेत प्रयोगात्मक परीक्षा प्रणालीको व्यवस्था गरिनु पर्दछ । यसरी प्रयोगात्मक परीक्षा सञ्चालनका लागि विशिष्ट प्रक्रियाहरू अपनाइनु पर्दछ । यसो गरिएमा मात्र सामाजिक अध्ययन विषयमा पनि चाहे अनुसारको सिकाइ उपलब्धि प्राप्त गर्न सकिनेछ ।

### ४.४.८ नियमित रुपमा विद्यालयको निरीक्षण, अनुगमन र मूल्याङ्कन गरिनु पर्ने

स्रोतव्यक्ति, वि.नि. तथा अन्य जि.शि.का.का पदाधिकारी आदि सरोकारवाला पक्ष तथा आधिकारिक व्यक्तित्वहरूद्वारा विद्यालयमा सही रुपमा तथा नियमित रुपमा अध्ययन अध्यापन कार्य भए नभएको तथा मूल्याङ्कनका साधनहरूको उपयुक्त रुपमा प्रयोग गरिए नगरिएको लगायतका अन्य विषयवस्तुहरूमा नियमित रुपमा, निरीक्षण, मूल्याङ्कन, सुपरिवेक्षण तथा अनुगमन गरी उचित किसिमका सुझाव तथा सरसल्लाह प्रदान गर्दै भएका कमी कमजोरीहरूलाई सुधार गर्न सहयोग पुऱ्याउने गरिएमा समेत सिकाइलाई उत्कृष्ट र उद्देश्यमुखी बनाउन ठूलो सहयोग पुग्ने हुन्छ ।

### ४.४.९ उचित पुरस्कारको व्यवस्था गरिनु पर्ने

पुरस्कारले उत्प्रेरणा प्रदान गर्ने हुनाले अध्ययन अध्यापन कार्यमा उत्कृष्ट हुने शिक्षक तथा विद्यार्थीलाई उचित पुरस्कारको व्यवस्था गरिएमा यसबाट सिकाइमा सकारात्मक प्रभाव पर्ने धारणा व्यक्त भएको छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

शिक्षालाई जीवनपर्यन्त निरन्तर रुपमा चलिरहने एउटा गतिशील प्रक्रियाका रुपमा लिइन्छ। प्रत्येक राज्यले आ-आफ्नोदेशको शैक्षिक विकासका लागि राष्ट्रिय आय मध्येबाट निश्चित रकम वर्षेनी छुट्याएका हुन्छन्। यति हुँदा हुँदै पनि बजेटको व्यवस्था गर्दैमा, भौतिक व्यवस्थापन एवम् शिक्षकको व्यवस्था गर्दैमा मात्र पनि राज्यको शिक्षाले अपेक्षित उपलब्धि हासिल गर्दछ भन्ने कुनै ग्यारेन्टी हुँदैन। विभिन्न प्रतिवेदनहरूले देखाए अनुसार नेपाल सरकारले जतिसुकै बजेटको व्यवस्था गरे पनि र जस्तोसुकै नीति नियम बनाए पनि त्यसको हरेक क्षेत्रमा सही रुपमा कार्यान्वयन हुन सकिरहेको अवस्था देखिँदैन। विविध समस्याहरूका कारणले गर्दा अपेक्षित सक्षमताहरू हासिल हुन सकिरहेको अवस्था छैन। विद्यालयमा समयमा पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षण सामग्रीहरू उपलब्ध हुन सकिरहेका छैनन्। माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धि अन्य विषयहरूको तुलनामा कमजोर रहेको अवस्था छ। सामाजिक संरचना, धर्म, संस्कृति, पेसा, जातजाति, स्थानीय परिवेश, आर्थिक स्थिति, सामाजिक मूल्य मान्यता, राजनैतिक अस्थिरता, पारिवारिक पृष्ठभूमि आदि जस्ता कुराहरूले विद्यार्थीको सामाजिक विषयको सिकाइ उपलब्धिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको छ। नीति नियम बनाएर मात्र पुग्दैन, त्यसको कार्यान्वयन पक्ष कमजोर र अव्यवहारिक भएमा अपेक्षित सक्षमता हासिल हुन नसकी शिक्षाका तहगत तथा राष्ट्रिय उद्देश्यहरू पूरा गर्न नसकिने हुन्छ। समाजका हरेक पक्षले आ-आफ्नोस्थानबाट उपयुक्त र उचित किसिमको भूमिका खेल्न सकेमा मात्र शिक्षाले सही रुपमा गति लिन सक्छ।

पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू हाँसिल गर्नका लागि पाठ तथा विषयवस्तुको प्रकृति र त्यसले राखेका सक्षमताहरू अनुसार विविध किसिमका शिक्षण विधि तथा शैक्षणिक सामग्रीहरूको प्रयोग गरी शिक्षण गर्नुपर्ने हुन्छ। यसरी शिक्षण गर्दा विद्यार्थी केन्द्रित शिक्षण भई विद्यार्थीहरू सिकाइ कार्यमा स्वतः स्फूर्त रुपमा परिचालित हुने अवस्थाको सिर्जना भई सिकारुको व्यवहारमा अपेक्षित रुपमा परिवर्तन हुनाका साथै तहगत तथ्य विषयगत सक्षमताहरू सजिलैसित हाँसिल गर्न सकिने वातावरणको सिर्जना हुन्छ। सामाजिक अध्ययन

विषयमा विवि ध किसिमका विषयवस्तुहरू समेटी तयार पारिएको हुँदा यसलाई एक जटिल विषयका रुपमा लिइन्छ । यस विषय अन्तर्गतका विविध क्षेत्रका पाठको प्रकृति बमोजिम शिक्षण विधि पनि फरक-फरक किसिमका अपनाउनु पर्ने हुन्छ । यसो गरेमा मात्र अपेक्षित उद्देश्यहरू हाँसिल गर्न सकिन्छ । शिक्षण कार्यले विद्यार्थीको ज्ञान, सीप र अभिवृद्धि हासिल भई अपेक्षित उपलब्धि हासिल गर्न महत्वपूर्ण रुपमा सहयोग पुग्दछ ।

सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र अन्तर्गतका नमुना छनोटमा परेका ५ वटा सामुदायिक विद्यालयलाई अध्ययनका लागि आधार बनाई "सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू" विषयक अध्ययन कार्य गरिएकोमा यस अध्ययनबाट ५ वटा विद्यालयका ५ जना प्र.अ., १ जना स्रोतव्यक्ति, ५ जना विषय शिक्षक, प्रत्येक विद्यालयका ४-४ जनाका दरले २० जना विद्यार्थी र तीनका २० जना अभिभावकका बीचमा विभिन्न माध्यमबाट तथ्याङ्क सङ्कलन गरी अध्ययन सम्पन्न गरे अनुरुप निम्न अनुसारका प्राप्तिहरू भएका छन् ।

- केही विद्यालयहरुमा सन्तोषजन देखिएता पनि तुलनात्मक रुपमा सामाजिक अध्ययन विषयको विषगत सिकाइ उपलब्धी न्यून रहेको पाइयो ।
- अध्ययन क्षेत्रका प्राय सबै विद्यालयहरुमा विषयगत शिक्षकले नै सामाजिक विषय अध्यापन गरेको पाइयो ।
- राज्य पक्षको कमजोरीका कारण उपयुक्त समयमा पाठ्यपुस्तक उपलब्ध नहुँदा पठन पाठनमा समस्या रहेको पाइयो ।
- विद्यालयहरुमा आवश्यक बजेटको कमीका कारण पठनपाठनका क्रममा क्षेत्र भ्रमण विधिलाई कम महत्व दिइएको पाइयो ।
- विद्यालय व्यवस्थापन पक्षको कमजोरी तथा शिक्षकहरुको हेलचेक्र्याइँका कारण कमजोर विद्यार्थीका लागि सामाजिक विषयमा कोचिङ्ग कक्षाको व्यवस्था नभएको पाइयो ।
- अध्ययन क्षेत्रका केही विद्यालयहरुमा भने सामाजिक विषयको उपलब्धी सन्तोषजनक नै पाइएको छ ।

- सामाजिक विषयमा विभिन्न क्षेत्रहरूलाई समेटिएको हुनाले शिक्षक तथा विद्यार्थीहरू यस विषयको अध्ययन अध्यापनमा उत्सुक र सक्रिय भएर लागेको पाइयो ।
- विद्यालयहरूमा भौतिक सुविधा पर्याप्त मात्रामा नहुनाका साथै कक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन सकेको पाइएन ।
- शिक्षण सिकाइ क्रियाकलापका क्रममा व्याख्यन विधिलाई बढी जोड दिइएको कारण विद्यार्थी केन्द्रित सिकाइ हुन नसकेको ।
- धेरैजसो विद्यालयमा व्यवस्थित पुस्तकालयको अभाव हुनाका साथै भएका ठाउँमा पनि पर्याप्त पुस्तकको व्यवस्था नभएको पाइयो ।
- औषत हाजिरी १५६ दिन मात्र भएका कारण विद्यार्थीहरुको उपस्थितिको नियमिततामा समस्या भइ औषत उपलब्धी ४८.९५ प्रतिशत मात्र भएको पाइयो ।
- विद्यार्थीहरूको घरायसी तथा सामाजिक वातावरण उपयुक्त हुन नसक्दा सिकाइमा समस्या सिर्जना भएको पाइयो ।
- विद्यार्थी तथा अभिभावकहरुले गणित तथा विज्ञान विषयमा जस्तो यस विषयलाई महत्व नदिएका कारण उपलब्धीमा समस्या रहेको पाइयो ।
- वस्तुनिष्ठ उत्तर नहुने भएको हुनाले राम्रै लेखे पनि गणित तथा विज्ञान विषयमा जस्तो प्राप्ताङ्क आउन नसकेको पाइयो ।
- उत्तरपुस्तिका परीक्षणमा समय लाग्ने भएका कारण गृहकार्य तथा कक्षाकार्यमा शिक्षकहरुले खासै ध्यान नदिइएको पाइयो ।
- उपयुक्त किसिमको मूल्याङ्कन प्रणाली नहुनुका साथै प्रयोगात्मक परीक्षाको व्यवस्था नभएको पाइयो तर माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले सामाजिक विषयमा पनि २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षाको व्यवस्था गरी शैक्षिक सत्र २०७३ बाट लागु गर्ने निर्णय गरिसकेको पाइयो ।

अध्ययनका क्रममा विशेष रुपमा माथि उल्लेख भए बमोजिमका प्राप्तिहरू भेटिए तापनि कतिपय विद्यालयहरूमा भने स्रोत साधन समय तथा परिस्थिति बमोजिम शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक, स्रोतव्यक्ति, जि.शि.का. आदि सरोकारवाला पक्षहरू बीच पारस्परिक

सहयोग र समन्वयका आधारमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन गर्ने क्रममा आ-आफ्नोठाउँबाट महत्वपूर्ण भूमिका खेलेको पाइयो ।

## ५.२ निष्कर्ष

माध्यमिक तहमा अनिवार्य विषय ६ ओटा र ऐच्छिक विषय २ ओटा गरी प्रत्येक विषयको पूणाङ्क १०० हुने गरी जम्मा ८०० पूर्णाङ्कका ८ ओटा विषयहरू समावेश गरिएको छ । ६ ओटा अनिवार्य विषयहरू मध्ये सामाजिक अध्ययन विषयलाई पनि एक महत्वपूर्ण विषयका रुपमा लिने गरिए तापनि अन्य विषयका तुलनामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि कमजोर देखिएको हुँदा यसको सिकाइ उपलब्धिलाई के कस्ता कुराहरूले कसरी प्रभाव पार्दोरहेछ भन्ने विषयलाई केन्द्रमा राखी गरिएको यस शोधकार्यबाट निम्न बमोजिमको निष्कर्षमा पुगिएको छ -

सामाजिक विषय सिकाइ निरपेक्ष नभएर सापेक्षतामा आधारित हुन्छ । यसको सिकाइलाई विविध किसिमका परिस्थितिजन्य कुराहरूले प्रभाव पारेको हुन्छ । जसमध्ये विद्यालयको शैक्षिक वातावरण, बालबालिकाको घरायसी वातावरण, सामाजिक तथा साँस्कृतिक अवस्था, मूल्याङ्कन प्रणाली, अभिभावकको शैक्षिक अवस्था तथा पेसा व्यवसाय विद्यालयमा विद्यार्थी उपस्थितिको नियमितता, अतिरिक्त कक्षाको व्यवस्था, शिक्षण सिकाइ विधि तथा शैक्षिक सामग्रीको उपलब्धता, शिक्षकको अनुभव र योग्यता, प्र.अ.को कार्यशैली, साथीसँगी प्रभाव आदि जस्ता कुराहरू महत्वपूर्ण रुपमा रहेको निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरू

यस अध्ययनसँग सम्बन्धित विभिन्न पक्षहरू विद्यार्थी, विषय शिक्षक, प्र.अ., स्रोतव्यक्ति, अभिभावक आदिबाट प्राप्त प्रतिक्रिया र अवलोकन कार्यबाट प्राप्त सूचनाका आधारमा विश्लेषण गर्दा माध्यमिक तहको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरूको पहिचान गर्दै उपलब्धिलाई उच्च बनाउनका लागि निम्न बमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत पक्षलाई सुझावहरु

क) समयको माग बमोजिम नियमित तथा उपयुक्त रुपमा पाठ्यक्रम परिवर्तको नीति अबलम्बन गरिनु पर्दछ ।

ख) माध्यमिक तहका विद्यार्थीहरुका लागी राज्य द्वारा हरेक वर्ष शैक्षिक भ्रमण शिर्षकमा आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने नीति लिइनु पर्दछ ।

ग) सामाजिक विषयमा लिखित परिक्षको साथै प्रयोगात्मक परीक्षाको समेत व्यवस्था गरी गर र सिक भन्न धारणाको विकाश गरिनु पर्दछ ।

घ) विद्यालयमा शैक्षिक सामग्री, सन्दर्भ सामग्री तथा अन्य आवश्यक कुराहरुको पर्याप्त मात्रमा उपलब्धताको प्रबन्ध गरिनु पर्दछ ।

ङ) आवधिक मूल्याङ्कनलाई मात्र विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन मानिने परिपाटिको अन्त्य गर्दै मूल्याङ्कन पद्धतिमा आमूल परिवर्तन गरी यसलाई समय सापेक्ष बनाइनु पर्दछ ।

### ५.३.२ अभ्यास पक्षलाई सुझाव

क) शिक्षकहरूलाई तालिम दिने शैलीमा परिवर्तन गरी विशिष्ट र वस्तुपरक किसिमको अनिवार्य तालिमको व्यवस्था गरिनु पर्दछ ।

ख) उपयुक्त किसिमको शिक्षण विधिको प्रयोग गर्नुका साथै अनिवार्य रूपमा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने वातावरणको सिर्जना गर्नु पर्दछ ।

ग) शिक्षक अभिभावक र विद्यार्थी बीचको सम्बन्धलाई सुमधुर बनाइनु पर्दछ ।

घ) कमजोर विद्यार्थीहरूका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिनु पर्दछ ।

ङ) राजनैतिक हस्तक्षेपबाट टाढा राखी विद्यालयमा बालमैत्री वातावरणको विकास गरिनु पर्दछ ।

च) सामाजिक विषयको उत्तरपुस्तिका परीक्षण गर्दा धेरै सतर्कता अपनाई उत्तर बमोजिम उचित किसिमको प्राप्ताङ्क प्रदान गर्ने कुराको सुनिश्चितता गरिनु पर्दछ ।

छ) विद्यार्थीहरूलाई अनिवार्य रुपमा गृहकार्य दिई त्यसको नियमित रुपमा जाँच गर्ने परिपाटीको विकास गरिनु पर्दछ ।

ज) पाठ्यपुस्तकमा दिइएका अभ्यास तथा क्रियाकलापहरू विद्यार्थीहरूलाई अनिवार्य रुपमा गर्न लगाउनुका साथै नजानेका कुरा शिक्षकले गरिदिने वातावरणको विकास गरिनु पर्दछ ।

### ५.३.३ अनुसन्धान पक्षलाई सुझाव

क) विद्यार्थीहरु समसामयीक घटना प्रती अध्यनशिल बन्ने वतावरणको विकाश गरिनु पर्दछ ।

ख) सामाजिक विषयलाई एक महत्वपूर्ण विषयको रुपमा स्थापित गरिनु पर्दछ ।

ग) राम्रा शिक्षकहरूको पहिचान गरी पुरस्कारको व्यवस्था गरिनु पर्दछ ।

घ) पाठ सुहाउँदो शैक्षिक भ्रमण र प्रतिवेदन लेखनमा विद्यार्थीहरूलाई अभ्यस्त बनाउनु पर्दछ ।

ङ) समय समयमा अभिभावकहरूको भेला गराई शिक्षक, विद्यार्थी, प्र.अ.तथा वि.व्य.स. बीच शैक्षिक उपलब्धि उच्च बनाउने विषयमा गोष्ठी सञ्चालन गर्ने परिपाटीको विकास गरिनु पर्दछ ।

च) विद्यालय क्षेत्रको अनुगमन तथा मूल्याङ्कन कार्यमा जोड दिइनुपर्ने ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६७), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* बागबजार, काठमाडौँ, आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षक दिग्दर्शन,* बागबजार, काठमाडौँ, आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, खुवीराम (२०६३), *शिक्षक शिक्षा,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

ऐर, सुरेन्द्र सिंह (२०६७), *सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वियनको अवस्था,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), केन्द्रीय क्याम्पस कीर्तिपुर, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, नारायणप्रसाद (२०७१), *विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूको एक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

चौधरी, लालुप्रसाद (२०७१), *सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको एस.एल.सी. २०६९ मा गणित विषयको शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, सुनसरी ।

जवरा, स्वयमप्रकाश, चन्द्रबहादुर श्रेष्ठ र किरण रञ्जितकार (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्न सिद्धान्त र कार्याविधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

*निम्नमाध्यमिक शिक्षा पाठ्यक्रम* (२०५८), पाठ्यक्रम विकास केन्द्र सानोठिमी भत्तपुर ।

पराजुली, रेवतीप्रसाद (२०६९), *सामाजिक अध्ययनको विषयमा विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

पाण्डे, रामकुमार (२०५२), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* चौथो संस्करण, काठमाडौं ।

*प्राथमिक शिक्षा पाठ्क्रम* (२०६५), पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६५), *मनोवैज्ञानिक परीक्षण,* भोटाहिटी, काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

भट्टराई, होमनाथ (२०६१), *शिक्षा मनोविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

*माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४),* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

मोक्तान, चक्रविर (२०६७), *प्राथमिक विद्यालयका विद्यार्थीहरूको उपलब्धि स्तर,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), धनकुटा : धनकुटा बहुमुखी क्याम्पस ।

लुइँटेल, चक्रपाणी (२०६५), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौं : वेभ प्रिन्टिङ प्रेस ।

लुइँटेल, थिरप्रसाद (२०६५), *सामुदायिक एवम् संस्थागत विद्यालयहरूको गणित विषयमा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन (अप्रकाशित शोधपत्र),* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

वली, दिपेन्द्र प्रकाश (२०६६), *माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरूको सिकाइमा अभिभावकको सहयोग,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), केन्द्रीय क्याम्पस कीर्तिपुर, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६५), *प्रारम्भिक वाल्यावस्था विकासको सिद्धान्त,* भोटाहिटी काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६७), *शिक्षाको परिचय,* भोटाहिटी काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६५), *सामाजिक अध्ययन शिक्षण,* सानोठिमी, भक्तपुर ।

## अनुसूची १

## विद्यार्थीहरूको हाजिरी र सामाजिक अध्ययन विषयमा ०७२ सामा उनीहरूले प्राप्त गरेको सिकाइ उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | कक्षा | ज. हाजिरी | सि.उ. |
|---|---|---|---|---|---|
| १ | श्री जनता उ.मा.वि. | रुपा खड्का | ९ | १७८ | ४५ |
| २ | " " | समीर मगर | ९ | १३६ | ४० |
| ३ | " " | विविका अधिकारी | १० | १६५ | ५५ |
| ४ | " " | दिपक महतो | १० | १२० | २० |
| ५ | श्री कचना महादेव मा.वि. | प्रीजा खड्का | ९ | १८० | ६२ |
| ६ | " " | जीवन श्रेष्ठ | ९ | १६० | ३२ |
| ७ | " " | परमेश्वर कार्की | १० | १६५ | ख+ |
| ८ | " " | इश्वरी राउत | १० | १६२ | ख+ |
| ९ | श्री ज्योति मा.वि. | कञ्चन श्रेष्ठ | ९ | १७० | ३९ |
| १० | " " | लक्ष्मी राई | ९ | १६० | ३५ |
| ११ | " " | सागर खनाल | १० | १६१ | ६६ |
| १२ | " " | शान्ति मगर | १० | १५० | ३७ |
| १३ | श्री महेन्द्र उ.मा.वि. | राज कोइराला | ९ | १७१ | ७१ |
| १४ | " " | राजु सरदार | ९ | १५० | ३२ |
| १५ | " " | अनिश बस्नेत | १० | १६० | ७८ |
| १६ | " " | तिलविक्रम नेम्बाङ्ग | १० | १४५ | ३५ |
| १७ | श्री सरस्वती मा.वि. | रविना हरिजन | ९ | १४० | ३३ |
| १८ | " " | मो. कुरवान | ९ | १६७ | ३८ |
| १९ | " " | महादेव चौधरी | १० | १५० | |
| २० | " " | सावना खातुन | १० | १३२ | |

# अनुसूची-२

## सामाजिक विषय शिक्षकका लागि अवलोकन फारम

विद्यालयको नाम : मिति :

विषय शिक्षकको नाम : ठेगाना :

स्रोतकेन्द्र : योग्यता :

| क.सं. | विवरण | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | विषयवस्तुको प्रस्तुतीकरण | | | |
| २ | विषयवस्तुको ज्ञान | | | |
| ३ | कक्षा व्यवस्थापन | | | |
| ४ | शिक्षण विधिको प्रयोग | | | |
| ५ | शैक्षिक सामग्रीको प्रयोग | | | |
| ६ | शैक्षणिक क्रियाकलापमा विद्यार्थीको सहभागिता | | | |
| ७ | समसामयिक घटनाहरूको ज्ञान | | | |
| ८ | शिक्षण गर्दा कक्षामा मूल्याङ्कन | | | |
| ९ | शिक्षणमा विद्यार्थीहरूको प्रस्तुतीकरण | | | |
| १० | अतिरिक्त पाठ्यपुस्तकको प्रयोग | | | |
| ११ | गृहकार्यको प्रयोग | | | |

## अनुसूची - ३

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता अनुसूची

प्र.अ.को नाम, थर : मिति :

विद्यालयको नाम ठेगाना : योग्यता :

स्रोतकेन्द्र : अनुभव :

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

१. यस विद्यालयमा सामाजिक विषयको माध्यमिक तहमा उपलब्धि स्तर कस्तो रहेको छ ?

.....................................................................................................

२. के तपाईंको विद्यालय शैक्षिक क्यालेण्डर बमोजिम नियमित रूपमा खुलेको छ ?

.....................................................................................................

३. सामाजिक विषयका लागि साप्ताहिक पाठ्यभार कति छुट्याउनु भएको छ ?

क) ४ दिन ख) ५ दिन ग) ६ दिन घ) ७ दिन

४. सामाजिक शिक्षकको औषत मासिक उपस्थिति कति दिन रहेको छ ? ............ दिन ।

५. के सामाजिक शिक्षक या अन्य शिक्षक तालिम प्राप्त छन् ?

क) प्राय सबै शिक्षक ख) छैनन् ग) सतप्रतिशत घ) सामाजिक शिक्षक मात्र

६. शिक्षण कार्यको समयमा कतिको अनुगमन गर्नुहुन्छ ?

क) कहिलेकाहीँ ख) प्राय: ग) भ्याएसम्म घ) सधैँ

७. सरकारी निकायबाट विद्यालय अनुगमनको स्थिति कस्तो रहेको छ ?

क) छैन ख) कहिलेकाहीँ ग) प्राय घ) नियमित रूपमा

८. विद्यालय र शिक्षकहरूले कुन कुन किसिमका शैक्षणिक योजनाको निर्माण र प्रयोग गर्नुभएको छ ?

क) वार्षिक योजना र वार्षिक कार्यतालिका ख) एकाइ योजना र दैनिक पाठ योजना

ग) आवश्यकता अनुसार घ) सबै

९. विद्यालयमा आवश्यक पर्ने विभिन्न सन्दर्भ सामग्री (शिक्षक निर्देशिका, पाठ्यक्रम, पत्रपत्रिका, विशिष्टीकरण तालिका आदि) को उपलब्धता कस्तो छ ?

क) आवश्यकता अनुसार व्यवस्था छ ख) नगन्य मात्र

ग) पर्याप्त मात्रामा घ) केवल थोरै मात्रामा

१०. तपाईंको विद्यालयमा मूल्याङ्कनका साधनहरूको प्रयोगको अवस्था कस्तो छ ?

क) लिखित परीक्षा ख) मौखिक परीक्षा

ग) प्रयोगात्मक परीक्षा घ) सबै

११. विभिन्न कक्षाहरूमा अधिकतम तथा न्यूनतम रूपमा विद्यार्थीहरूको सङ्ख्या कति कति रहेको छ ?

..............................................................................................................

१२. विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो रहेको छ ?

क) त्यति छैन ख) छ ग) पर्याप्त मात्रामा घ) आवश्यकता अनुसार

१३. आफ्नो तर्फबाट विभिन्न प्रयासहरू गर्दा गर्दै पनि अपेक्षित रूपमा विद्यार्थीहरूको उपलब्धि स्तर सुधार हुन नसक्नुलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

..............................................................................................................

१४. सामुदायिक विद्यालयका शिक्षकहरू आफ्नो पेसाप्रति इमानदार छैनन् भन्ने आरोपका सम्बन्धमा तपाईंको धारणा कस्तो रहेको छ ?

..............................................................................................................

१५. के सामुदायिक विद्यालयका शिक्षकहरूको चरम राजनीतिकरणकै कारणले गर्दा सामुदायिक विद्यालयको उपलब्धि निरासाजनक भएको हो ? ..............................................

## अनुसूची - ४

## सामाजिक शिक्षकका लागि अर्न्तवार्ता अनुसूची

शिक्षकको नाम, थर : मिति :

विद्यालयको नाम ठेगाना : योग्यता :

स्रोतकेन्द्र : विद्यार्थी सङ्ख्या : शैक्षिक अनुभव :

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

१. सामाजिक विषयको अध्यापन गर्नका लागि आवश्यक पर्ने पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीको उपलब्धताको अवस्था कस्तो रहेको छ ?

क) छैन ख) थोरै छ ग) पर्याप्त मात्रामा घ) आवश्यकता अनुसार

२. तालिम प्राप्त हुनुहुन्छ ?

क) छ ख) छैन ग) आंशिक रूपमा लिएको

३. शिक्षणका क्रममा के कस्ता विधिहरूको प्रयोग गर्नुहुन्छ ?

क) व्याख्यान विधि ख) छलफल विधि

ग) प्रश्नोत्तर विधि घ) पाठको विशेषता बमोजिम

४. विषयवस्तुमा आधारित भएर अतिरिक्त क्रियाकलाप कत्तिको गराउनु हुन्छ ?

क) गराइन्छ ख) गराइदैन

ग) अब गर्नुपर्ला घ) परिस्थिति बमोजिम गराइन्छ

५. कक्षाकोठा कत्तिको व्यवस्थित पाउनु भएको छ ?

क) न्यून ख) मध्यम ग) उत्तम घ) अति उत्तम

६. शैक्षिक सामग्रीको महत्त्वलाई कसरी बुझ्नुभएको छ ?

..............................................................................................................

७. शिक्षकहरू पेसाप्रति इमानदार छैनन् भन्ने आरोपलाई कसरी लिनुभएको छ ?

..............................................................................................................

८. के आफ्नो काममा सन्तुष्ट हुनुहुन्छ ?

..............................................................................................................

९. सामाजिक विषयको उपलब्धिलाई उच्च बनाउन के गर्न सकिएला ?

..............................................................................................................

## अनुसूची - ५

### स्रोतव्यक्तिका लागि प्रश्नावली

१. सामुदायिक विद्यालयमा सामाजिक विषयको उपलब्धिको अवस्थाका सम्बन्धमा केही बताइदिनु हुन्छ कि ?

.....................................................................................................

२. सामुदायिक विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो रहेको छ ?

.....................................................................................................

३. माध्यमिक तहको सामाजिक विषयमा के-कस्ता सामग्रीहरूको प्रयोग गर्न सकिन्छ ?

.....................................................................................................

४. शिक्षण सामग्रीको प्रयोग गर्दा र नगर्दा बीचको सिकाइ प्रक्रियामा कस्तो फरक पाउनु भएको छ ?

.....................................................................................................

५. के सामाजिक विषय अध्यापन गर्ने सबै शिक्षक तालिम प्राप्त छन् ?

.....................................................................................................

६. के शिक्षक तालिम अनिवार्य छ ?

.....................................................................................................

७. सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको भूमिकाको अलावा प्र.अ.तथा अभिभावकको भूमिकालाई कसरी हेर्नु भएको छ ?

.....................................................................................................

८. माध्यमिक तहमा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई के-कस्ता कुराले प्रभाव पारेको महसुस गर्नुभएको छ ?

.....................................................................................................

९. सामाजिक विषयको सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि केही सुझाव दिन चाहनुहुन्छ कि ?

.....................................................................................................

## अनुसूची - ६

## अभिभावकका लागि प्रश्नावली

अभिभावकको नाम : ठेगाना :

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

१. तपाईंका छोराछोरी कति जना छन् ? ............................

२. तपाईंको शैक्षिक योग्यता कति हो ? .....................................

३. तपाईंको आर्थिक अवस्था कस्तो छ ?

क) निम्न ख) निम्न मध्यम ग) मध्यम घ) उच्च

४. के तपाईंका केटाकेटी नियमित रूपमा विद्यालय जान्छन् ?

क) सधैँ जान्छन् ख) कहिलेकाहीँ मात्र जान्छन्

ग) कहिलेकाहीँ मात्र जाँदैनन् घ) खासै वास्ता गरेको छैन

५. तपाईंले आफ्ना केटाकेटीहरूलाई नियमित रूपमा विद्यालयमा पठाउन नसक्नुको कारण केके होलान् ?

क) आफू काममा जानुपर्ने भएर ख) घरमा काम गर्ने मान्छे नभएर

ग) भाइबहिनी हेर्नुपर्ने भएर घ) रोजगारीमा पठाउने गरेको हुनाले

६. विद्यालयले गर्ने पठनपाठन प्रक्रियामा कत्तिको चासो दिनुहुन्छ ?

क) अलिअलि मात्र ख) खै त्यति वास्ता नै हुँदैन

ग) ठिकै चासो छ घ) घरका कामकाजले समय नै पुग्दैन

७. के आफ्ना केटाकेटीको पढाइ-लेखाइप्रति सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छुइन ग) विचार गरेको छुइन घ) अधिक रूपमा

८. आफ्ना केटाकेटीहरूलाई घरमा कत्तिको पढाउने गर्नुभएको छ ?

क) नियमित रूपमा ख) कहिलेकाही मात्र

ग) पढाउने गरेको छैन घ) अबदेखि पढ्न लगाउँछु

९. विद्यार्थीहरूको सामाजिक विषयको उपलब्धिलाई प्रभाव पार्ने कारक तत्त्वहरू केके होलान् ?

..................................................................................................

१०. तपाईंका बच्चाले समसामयिक विषयहरूमा कत्तिको चासो राखेको पाउनुभयो ?

क) सन्तोषजनक ख) आवश्यकता अनुसार पर्याप्त

ग) थाहा भएन घ) अलिअलि

११. अन्त्यमा, विद्यार्थीको उपलब्धिलाई उच्च बनाउन के-के सुझाव दिन चाहनुहुन्छ ?

..................................................................................................

## अनुसूची -७

## विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

विद्यार्थीको नाम : कक्षा : रोल नं. :

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

१. तपाईंहरू कतिजना दाजुभाइ दिदी बहिनी हुनुहुन्छ ?

.............................................................................................................

२. तपाईंहरूको आर्थिक अवस्था कस्तो छ ?

क) उच्च ख) मध्यम ग) निम्न मध्यम घ) निम्न

३. के तपाईंको सामाजिक विषयमा अरू विषयमा जस्तै प्राप्ताङ्क आउँछ ?

.............................................................................................................

४. सामाजि विषय र अरू विषयमा कुन सजिलो लाग्छ र किन ?

.............................................................................................................

५. तपाईंलाई कक्षामा शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) विभेदपूर्ण ख) सबैलाई समाज ग) राम्रो घ) नराम्रो

६. तपाईंको सामाजिक विषयमा उपलब्धि राम्रो नहुनुलाई के के कुरा जिम्मेवार हुन् जस्तो ठान्नुहुन्छ ?

.............................................................................................................

७. सिक्ने र पठ्ने कुरामा शिक्षक तथा प्र.अ.बाट कस्तो सहयोग पाउनु भएको छ ?

.............................................................................................................

८. के यस विषयमा आफूजस्तै अरू साथीहरूको पनि न्यून उपलब्धि भएको पाउनुभएको छ ?

..........................................................................................

९. घरपरिवारबाट कस्तो सहयोग पाउनु भएको छ ?

..........................................................................................

१०. तपाईंको सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि के-कस्तो सहयोगको अपेक्षा गर्नुहुन्छ ?

..........................................................................................

११. सामाजिक अध्ययन विषयको सिकाइ प्रक्रियालाई प्रभावकारी बनाइ शैक्षिक उपलब्धि उच्च बनाउन के-कस्ता उपायहरू अपनाउन सकिएला ?

..........................................................................................

## अनुसूची - ८

## विद्यार्थी कक्षा अवलोकन फारम

शिक्षकको योग्यता : विषय : सामाजिक अध्ययन मिति :

तालिम प्राप्त/अप्राप्त : घण्टी : पाठ :

१. पाठको सुरुवात कसरी गरियो ?

.................................................................................................

२. प्रस्तुतीकरण शैली कस्तो थियो ?

.................................................................................................

३. के कस्ता शिक्षण सामग्री प्रयोग गरियो ?

.................................................................................................

४. के सम्पूर्ण सामग्री पाठको आवश्यकता अनुसार उपयुक्त र प्रभावकारी थिए ?

.................................................................................................

५. के शिक्षणका लागि पाठयोजनाको निर्माण गरिएको थियो ? कुन शिक्षण विधि अपनाइयो ?

.................................................................................................

६. के शिक्षण विधि पाठको उद्देश्य बमोजिम उपयुक्त र प्रभावकारी थियो ?

.................................................................................................

७. के सिकाइ प्रक्रियामा विद्यार्थीहरू उत्साहित देखिन्थे ?

.................................................................................................

८. शिक्षणका क्रममा विद्यार्थीलाई कस्तो क्रियाकलाप गराइयो ?

.................................................................................................

९. अध्यापन गरिएको पाठको मूल्याङ्कन कसरी गरियो ?

.................................................................................................

१०. के मूल्याङ्कन प्रक्रिया उपयुक्त किसिमको थियो ?

.................................................................................................

## अनुसूची-९

### नमुना छनोटमा परेका विद्यालय, प्र.अ. र सामाजिक शिक्षकको नामावली

| विद्यालयको नाम | प्र.अ.को नाम | सामाजिक शिक्षकको नाम | सामाजिक शि.को शैक्षिक योग्यता |
|---|---|---|---|
| श्री जनता उच्च माध्यमिक विद्यालय इटहरी-८ | छत्रपति ढुङ्गेल | निर्मला कार्की | एम.एड. |
| श्री कचना महादेव माध्यमिक विद्यालय इटहरी-४ | केशव प्र. सुवेदी | अप्सरा दाहाल | एम.एड. |
| श्री ज्योति माध्यमिक विद्यालय इटहरी-५ | भैरव सापकोटा | ध्रुव पोखरेल | एम.एड. |
| श्री महेन्द्र उच्च माध्यमिक विद्यालय इटहरी-२ | चिरञ्जीवि भट्टराई | मणिप्रसाद अधिकारी | |
| श्री सरस्वती सतन माध्यमिक विद्यालय इटहरी-७ | भगतलाल चौधरी | पदम ब. अधिकारी | बि.एड.<br>बि.कम. |

## अनुसूची-१०

## नमुना छनोटमा परेका विद्यार्थी र अभिभावकको नामावली

| क्र.सं. | विद्यार्थीको नाम | अभिभावकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| १ | रुपा खड्का | नीर कुमार खड्का | श्री जनता उच्च माध्यमिक विद्यालय इटहरी-८ |
| २ | समीर मगर | भीमा मगर | " " " |
| ३ | विविका अधिकारी | लक्ष्मी प्र. अधिकारी | " " " |
| ४ | दिपक महतो | बैजनाथ महतो | " " " |
| ५ | प्रीजा खड्का | बाल कुमार खड्का | श्री कचना महादेव माध्यमिक विद्यालय इटहरी-४ |
| ६ | जीवन श्रेष्ठ | मदन कुमार श्रेष्ठ | " " " |
| ७ | परमेश्वर कार्की | | " " " |
| ८ | इश्वरी राउत | | " " " |
| ९ | कञ्चन श्रेष्ठ | जीत बहादुर श्रेष्ठ | श्री ज्योति माध्यमिक विद्यालय इटहरी-५ |
| १० | लक्ष्मी राई | नैनमाया राई | " " " |
| ११ | सागर खनाल | भीम प्र. खनाल | " " " |
| १२ | शान्ति मगर | मोहन पुलामी (मगर) | " " " |
| १३ | राज कोइराला | जयप्रसाद दंगाल | श्री महेन्द्र उच्च माध्यमिक विद्यालय इटहरी-२ |
| १४ | राजु सरदार | दुर्गे सरदार | " " " |
| १५ | अनिश बस्नेत | निर्मला बस्नेत | " " " |
| १६ | तिलविक्रम नेम्बाङ्ग | बल ब. नेम्वाङ | " " " |
| १७ | रविना हरिजन | चन्द्रेश्वर हरिजन | श्री सरस्वती सतन माध्यमिक विद्यालय इटहरी-७ |
| १८ | मो. कुरवान | मो. सराजुद्दिन | " " " |
| १९ | महादेव चौधरी | पुहकलाल चौधरी | " " " |
| २० | सावना खातुन | मो. इजरायल | " " " |